# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ११७ | काठमाडौं | सोमबार, ०२ भदौ २०८२ | Prabhab National Daily | Monday, 18 August 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**जग्गा खरिद गर्दा ध्यान दिनुपर्ने कुराहरू**


- बिक्रेता वास्तविक हो र होईन, निजको हक भोग छरछैन प्रष्ट होऔं,
- कित्ताको मोठ श्रेस्ता, फोटो र तीनपुस्ते ठिक भए नभएको एकिन गरौं,
- कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा झगडा भएरनभएको बारेमा प्रष्ट होऔं,
- जग्गा र नक्सामा बाटो छरछैन एकिन गरौं,
- जग्गाको हकभोग अनुसार आकार प्रकार मिलेरनमिलेको एकिन गरौं,
- जग्गा रैकर वा गुठी के हो प्रष्ट होऔं,
- जग्गामा मोही भएरनभएको प्रष्ट होऔं,
- सिमानामा विवाद भएरनभएको साँध संधियारबाट बुझौं,
- लालपूर्जा, जमिन र नक्साको क्षेत्रफल मिल्छ र मिल्दैन एकीन गरौं,
- नक्सा बमोजिमको जमिनमा चारैतर्फ सिमाना एकीन गर्न रेखाङ्कन गराएर मात्र खरिद बिक्री गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# भारतीय विदेशसचिव मिस्रीको 'म्याराथन भेट'

## प्रधानमन्त्री ओलीलाई भारत भ्रमणको औपचारिक निम्तो

- भारतीय सेनाको विमानमार्फत काठमाडौं उत्रिएका मिस्त्रीले आइतबार राष्ट्रपति रामचन्द्र पौडेलदेखि विपक्षी दलका नेता पुष्पकमल दाहालसँग भेटे
- प्रधानमन्त्री केपी शर्मा ओलीसँगको भेटमा मिस्रीले भारत भ्रमणको निम्तो दिएको बताइएको छ
- वर्ष दिनअघि प्रधानमन्त्री बनेदेखि भारत भ्रमणका चाँजोपाँजो मिलाउन नसकेका प्रधानमन्त्री ओली र परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा मिस्रीको भ्रमणले मक्ख



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीको बहुप्रतिक्षित भारत भ्रमण अब सम्भव हुने भएको दाबी गरिएको छ । भारतीय विदेशसचिव विक्रम मिश्री आइतबार काठमाडौं उत्रिएसँगै लगभग ओलीको भारत भ्रमण पक्का भएको दाबी प्रधानमन्त्रीको सचिवालयले गरेको हो ।

एक वर्षअघि प्रधानमन्त्री बनेका ओलीले यसअघि पनि पटक-पटक भारत भ्रमणको तयारी गरेका थिए । यसका लागि परराष्ट्रमन्त्री डा. आरजु देउवा राणा पटक-पटक नयाँ दिल्ली पुगे पनि ओलीको भारत भ्रमण सम्भव भएन ।

भारतसँगको चिसिंदो सम्बन्ध सुधार्न ओलीले हर प्रयास गरे पनि सफल नभएको बताइएको थियो । यद्यपि, भारतीय विदेशसचिव मिस्री आइतबार काठमाडौं उत्रिए । परराष्ट्र मन्त्रालयका सचिव अमृत राईको निमन्त्रणामा भारतीय सेनाको विमानमार्फत काठमाडौं उत्रिएका मिस्त्रीले आइतबार नै 'म्याराथन भेट' गरे ।

सुरुमा उनले प्रधानमन्त्री ओलीलाई भेटे । सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको भेटमा मिस्रीले प्रधानमन्त्री ओलीलाई भारत भ्रमणको निम्तो दिएका थिए । ओली भदौ ३१ मा भारत जाने तयारीमा छन् । सुरुमा दुई दिनका लागि भनिएको भ्रमण अब केही दिन थपिन सक्ने बताइएको छ । यद्यपि, भ्रमणको मिति भने औपचारिकरूपमा सार्वजनिक गरिएको छैन ।

उक्त भेटमा नेपाल-भारत साझेदारीमाथि जोड दिएको उल्लेख गर्दै दूतावासले गहिरो सभ्यतागत सम्बन्ध र बलियो नेपाल-भारत साझेदारीमाथि जोड दिँदै विदेशसचिवले विभिन्न क्षेत्रहरूमा सहकार्यलाई अझ सुदृढ पार्ने उपायहरूबारे छलफल गरेको जनाएको छ ।

त्यसपछि मिस्री राष्ट्रपति रामचन्द्र पौडेल भेट्न शितलनिवास पुगे । भेटमा मिस्रीले राष्ट्रपति पौडेललाई द्विपक्षीय सम्बन्धमा भएको प्रगतिबारे जानकारी दिएको भारतीय दूतावासले जनाएको छ । 'सम्माननीय राष्ट्रपतिलाई द्विपक्षीय सम्बन्धमा भएको प्रगतिको बारेमा जानकारी गराउनुका साथै भारतीय नेतृत्वको शुभकामना व्यक्त गर्नुभयो,' नेपालस्थित भारतीय दूतावासले आफ्नो सामाजिक सञ्जाल फेसबुक अकाउन्टमा भनेको छ ।

राष्ट्रपति पौडेलले भने नेपाल र भारतबीच लामो समयदेखि रहँदै आएको सामाजिक, सांस्कृतिक, धार्मिक, आध्यात्मिक, आर्थिक


क्रमशः पृष्ठ २ मा


# प्रश्नको घेरामा ऊर्जामन्त्री खड्का

## सवा आठ अर्ब रूपैयाँ महसुल ढिसमिस गर्न लागेको आरोप

एक एक पैसा उठाउने क्षमता त राख्नुपर्छ नि प्राधिकरणले । दशौं वर्ष किन लाग्यो ?

■ **दीपक खड्का**
मन्त्री, ऊर्जा, जलस्रोत तथा सिँचाइ

बक्यौता रकम जसरी पनि उठाउनुपर्छ । तर, उठाउन नदिनका लागि अहिले विभिन्न किसिमका मोलाहिजा भइरहेको छ । विभिन्न एक्सरसाइज भइरहेका छन्, आउट डोर वा विभिन्न शक्ति केन्द्रहरूबाट ।

■ **रामकुमार थेबे**
अध्यक्ष, कर्मचारी युनियन (एमालेनिकट)




■ **जेबी योञ्जन**

**काठमाडौं–** लोडसेडिङका बेला उद्योगी व्यवसायीले डेडिकेटेड र ट्रंकलाइनबाट विद्युत् प्रयोग गर्दाको महसुल अझै असुलउपर भएको छैन । असुलउपर हुनुपर्ने महसुल सवा आठ अर्ब रूपैयाँ हो ।

तर, यो महसुल नउठाई ढिसमिस पार्न ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का स्वयं चलखेलमा लागेको गम्भीर आरोप छ । राष्ट्रिय योजना आयोगका पूर्वसदस्य अरबिन्दकुमार मिश्रको नेतृत्वमा नेपाल विद्युत् प्राधिकरणले उद्योगहरूको नाममा जारी गरेको बिल सच्याउन समिति गठन गरेपछि मन्त्री खड्कामाथि प्राधिकरणकै कर्मचारीबाट यस्तो आरोप लागेको हो । महसुल नउठाउन विभिन्न प्रयास भइरहेको भन्दै मन्त्री खड्काको उक्त कामको भर्त्सनासमेत गरिएको छ ।

'बक्यौता रकम जसरी पनि उठाउनुपर्छ । तर, उठाउन नदिनका लागि अहिले विभिन्न किसिमका मोलाहिजा भइरहेको छ । विभिन्न एक्सरसाइज भइरहेका छन्, आउट डोर वा विभिन्न शक्ति केन्द्रहरूबाट, यसप्रति घोर भर्त्सना गर्न चाहन्छु,' विद्युत् प्राधिकरणको ४०औं वार्षिकोत्सवको अवसरमा एमालेनिकट कर्मचारी युनियनका अध्यक्ष रामकुमार थेबेले मन्त्री खड्काप्रति आक्रोशित हुँदै भने । असुलउपर गर्न बाँकी महसुल ढिसमिस गरिए प्राधिकरण संकटमा धकेलिने थेबेको चेतावनी छ ।

हुन पनि खड्का ऊर्जामन्त्री भएदेखि नै डेडिकेटेड र ट्रंकलाइन महसुल उठाउन अनिच्छुक छन् । प्रधानमन्त्री केपी शर्मा ओली पनि गम्भीर छैनन् । जतिबेला प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले टिओडी मिटरको बिल पठाएर बक्यौता उठाउन खोजेका थिए, प्रधानमन्त्री ओली र मन्त्री खड्का बाधक बनेका थिए । दुवैले प्राधिकरणले पठाएको बिलमै प्रश्न उठाएका थिए । हचुवाको भरमा बक्यौता नउठाउन घिसिङलाई उनीहरूको चेतावनी थियो, अनि प्रधानमन्त्री ओली र ऊर्जामन्त्री खड्का घिसिङविरुद्ध लगातार विवाद

- महसुल नउठाई ढिसमिस पार्न ऊर्जामन्त्री खड्का स्वयं चलखेलमा लागेको गम्भीर आरोप, अख्तियारमा उजुरी
- विद्युत् प्राधिकरणको ४० औं वार्षिकोत्सव कार्यक्रममा आक्रोशित देखिए मन्त्री खड्का, अख्तियारमा प्राधिकरणकै कर्मचारीले आफूविरूद्ध उजुरी दिएको भन्दै पोखे आक्रोश

भयो । अन्ततः गत चैतमा पदावधि छँदै घिसिङलाई ऊर्जामन्त्री खड्काको प्रस्तावमा प्रधानमन्त्री ओलीले मन्त्रिपरिषद् बैठकबाट बर्खास्त गर्ने निर्णय गरे ।

कुलमानको बर्खास्तीपछि डेडिकेटेड र ट्रंकलाइन महसुल उठाउनेबारे ऊर्जामन्त्रीले सार्वजनिकरूपमा केही भनेनन् । तर, कुलमान छँदै प्राधिकरणले जारी गरेको टिओडी मिटरको बिल सच्याउन भने समिति गठन गरे, जसको उद्देश्य भनेकै उद्योगहरूबाट असुलउपर हुन बाँकी सवा आठ अर्ब रूपैयाँ महसुल ढिसमिस पार्न भन्दै प्राधिकरणका कर्मचारीहरू सशंकित बनेका छन् ।

उसो त यसअघि गत १९ वैशाखमा श्वेतपत्र जारी गर्दै कुलमानको बहिर्गमनपछि कार्यकारी निर्देशक भएका हितेन्द्रदेव शाक्यले डेडिकेटेड र ट्रंकलाइन विद्युत् महसुल उठाउन प्रक्रिया थाल्ने बताएका थिए । शाक्यले महसुल उठाउन प्रक्रिया थाल्ने भनेको तीन महिना बित्यो । तर, महसुल उठाएनन् । प्राधिकरणकै एमालेनिकट कर्मचारी युनियनका अध्यक्ष थेबेका अनुसार महसुल नउठाउनुमा मन्त्री खड्का जिम्मेवार छन् ।

यसपछि ऊर्जामन्त्री खड्का प्राधिकरणको ४०औं वार्षिकोत्सवको अवसरमा आइतबार आयोजित कार्यक्रममा आक्रोशित देखिए । अख्तियारमा प्राधिकरणकै कर्मचारीले आफूविरुद्ध उजुरी दिएको भन्दै आलोचनामा उत्रिए ।


क्रमशः पृष्ठ २ मा


**सन्दर्भः वैदेशिक रोजगार**

# कोरियन भाषा परीक्षाका लागि १९ गुना बढी आवेदन

■ माग ५,३०० ■ आवेदन १,०२,५८७

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** दक्षिण कोरियामा रोजगारीमा जान इच्छुकका लागि सञ्चालन गरिने कोरियन भाषा परीक्षामा सहभागी हुन एक लाख दुई हजार ५८७ जनाको आवेदन परेको छ । रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत सन् २०२५ को पहिलो चरणका लागि खुलेको आवेदनभन्दा १९ गुना बढी आवेदन परेको हो ।

कोरियाले यस वर्षको पहिलो चरणमा पाँच हजार ३०० जनाको कोटा खुलाएको छ । जसमध्ये तीन हजार ५०० लाई उत्पादनतर्फ र एक हजार ८०० जनालाई कृषि तथा पशुपालनमा लग्ने भनिएको छ ।

परीक्षाका लागि परेका आवेदनमा उत्पादनमूलक क्षेत्रका लागि ६७ हजार ३२१ र कृषि तथा पशुपालनमा ३५ हजार २६६ जना रहेका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतको इपिएस कोरिया शाखाले जानकारी दिएको छ । मुलुकमा व्याप्त बेरोजगारी समस्या र दिगो रोजगारीको अभावका कारण मागभन्दा कयौं गुणा बढीको आवेदन परेको हो ।

शाखाका अनुसार यसपटक डेढ लाखले भर्ने अपेक्षा गरेकोमा अपेक्षाभन्दा केही कमले आवेदन दिएका हुन् । 'सन् २०२३ मा एक लाख ६३ हजार जनाले भरेकाले त्यसलाई आधार मान्दा कम्तीमा डेढ लाखले भर्ने सोचेका थियौं । तर यसपालि कोटा थोरै भएकाले पनि जसलेचाहिँ पूर्वतयारी गरेका थिएनन्, उनीहरूले नभरेको हुनसक्छ । यही थोरै मागका लागि यो संख्या पनि बढी नै हो,' एक अधिकारीले बताए ।

शाखाले आवेदकहरूको फाराम भेरिफाइ गर्ने काम थालिसकेको जानकारी दिएको छ । भेरिफाइ गर्ने काम सिस्टमबाटै हुने शाखाको भनाइ छ । नाम, जन्ममिति, लिंग आदि राहदानी विभागको एप्लिकेसनको सहयोगमा हेरिने जनाइएको छ । 'कोहीले फोटो, पासपोर्ट बांगो, उल्टो हालिदिन्छन् । त्यस्तो डेटाहरू यो हप्ताभित्र भेरिफाइ गर्छौं,' ती अधिकारीले भने ।

इपिएस शाखाले एक पटकमा पाँच-पाँच सय जनाको भेरिफाइ गर्दै उक्त फाराम कोरियाको सिस्टममा अपलोड गर्नुपर्ने छ । यसर्थ, सबै आवेदकहरूको फाराम कोरिया पुग्न झण्डै एक महिना लाग्ने जनाइएको छ । उता पठाइसकेपछि कोरियाबाटै सिट प्लान गरिन्छ । त्यसपछि इपिएसले परीक्षाको मिति सार्वजनिक गरेपछि व्यक्ति स्वयं उपस्थित भएर ट्याबबाट परीक्षा दिन्छन् । यसपटकको परीक्षा तिहारपछि हुने अनुमान गरिएको छ ।

भाषा परीक्षा उत्तीर्ण भएकाहरूले दोस्रो चरणको सीप परीक्षणमासमेत सहभागी भइ उत्तीर्ण भएपछि रोजगार आवेदन फाराम भर्न सक्ने छन् । परीक्षा दिनका लागि २८ डलर लाग्ने बताइएको छ ।


क्रमशः पृष्ठ २ मा





# नि:सन्तान उपचारलाई व्यवस्थित बनाउने मापदण्ड स्वीकृत

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नि:सन्तान उपचार (आइभिएफ) सेवालाई व्यवस्थित बनाउन र नियमन गर्न 'नि:सन्तान व्यवस्थापन सेवा सञ्चालनसम्बन्धी मापदण्ड, २०८२' स्वीकृत गरेको छ ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले मन्त्रिस्तरीय निर्णय गर्दै उक्त मापदण्ड स्वीकृत गरेका हुन् । यो मापदण्डले नेपालमा नि:सन्तान उपचार सेवा र यसका लागि आवश्यक प्रयोगशाला, जनशक्ति व्यवस्थापन तथा संवेदनशील मानिएको शुक्रकिट तथा अण्डा दान(डोनर) प्रक्रिया थप व्यवस्थित हुने मन्त्रालयको भनाइ छ ।

मन्त्रालयका गुणस्तर मापन तथा नियमन महाशाखा प्रमुख डा. सरोज शर्माले यो मापदण्डले नि:सन्तान उपचार केन्द्रहरूको कानुनी आधारमा प्रभावकारी नियमन र नि:सन्तान उपचार सेवामा एकरूपता ल्याउने बताए । उनका अनुसार न्यूनतम भौतिक पूर्वाधार, जनशक्ति र प्रयोगशालाको स्तर तोक्ने, सेवा शुल्कलाई पारदर्शी बनाउने तथा सेवाग्राही र दाताको अधिकार सुनिश्चित गर्ने उद्देश्यले यो मापदण्ड जारी गरिएको हो ।

उनले भने, 'नि:सन्तानपन एक संवेदनशील स्वास्थ्य समस्यामात्र नभएर गहिरो सामाजिक र मनोवैज्ञानिक विषय पनि हो । यस मापदण्डले नि:सन्तान उपचार सेवालाई थप सुरक्षित, पारदर्शी र अन्तर्राष्ट्रियस्तरको बनाउन लागि एक कोशेढुंगाका रूपमा काम गर्ने छ ।' डा. शर्माले मापदण्डबमोजिम सेवा प्रदायकलाई पूर्णजिम्मेवार बनाइने छ । तोकिएको मापदण्ड पालना नगर्ने जोसुकैलाई कडा कानुनी दायरामा ल्याउने बताए ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले प्रजनन स्वास्थ्यको क्षेत्रलाई व्यवस्थित र प्रभावकारी बनाउन यस मापदण्डले महत्त्वपूर्ण भूमिका खेल्ने बताए । 'पछिल्लो समय नि:सन्तानपनको समस्या बढ्दो छ । तर यसको उपचार दिने संस्थाहरूको गुणस्तर र प्रक्रियामा थुप्रै प्रश्न उठेका थिए । धेरै दम्पतीहरू ठगिनसक्ने र गुणस्तरीय सेवा नपाउँदा उनीहरूको जीवनसमेत जोखिममा पर्नसक्ने खतरा थियो,' प्रवक्ता डा. बुढाथोकीले भने, 'यो मापदण्डले सेवालाई सुरक्षित र विश्वसनीय बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने छ ।'

मापदण्डमा 'आइयुआई' र 'आइभिएफ' जस्ता विशिष्ट सेवा सञ्चालन गर्न स्वास्थ्य मन्त्रालयबाट अनिवार्यरूपमा अनुमति लिनुपर्ने व्यवस्था गरिएको छ । प्रत्येक अनुमतिप्राप्त केन्द्रमा नि:सन्तान रोग विशेषज्ञ, तालिम प्राप्त 'इम्ब्रायोलोजिस्ट' र 'एनेस्थेसियोलोजिस्ट' लगायतका दक्ष जनशक्ति अनिवार्य हुनुपर्ने छ ।

भ्रुणको विकासमा प्रत्यक्ष असर पार्ने प्रयोगशाला र शल्यक्रिया कक्षको वातावरणीय गुणस्तरका लागि प्राविधिक मापदण्ड तोकिएको छ । सेवा शुल्क मन्त्रालयले निर्धारण गरेबमोजिममात्र लिन पाइने छ भने प्रत्येक संस्थाले १० प्रतिशत सेवा गरिब तथा विपन्न वर्गलाई नि:शुल्क उपलब्ध गराउनुपर्ने छ । सेवाको गुणस्तर, जनशक्ति र उपकरणको अवस्थाबारे मन्त्रालयको समितिले नियमित अनुगमन गर्ने र मापदण्ड पालना नगर्ने संस्थाको अनुमति खारेज गर्नसक्ने व्यवस्था गरिएको छ ।

शुक्रकिट वा अण्डा दान गर्ने दाताका लागिसमेत स्पष्ट मापदण्ड तोकिएको छ । दाताको उमेर २० देखि ३५ वर्षको बीचमा हुनुपर्ने, कुनै पनि सरुवा रोग नभएको स्वास्थ्य परीक्षणबाट प्रमाणित हुनुपर्ने र विवाहितको हकमा दम्पतीको लिखित मञ्जुरीजस्ता विषयलाई अनिवार्य गरिएको छ ।

एक व्यक्तिले दान गर्न पाउने पटकको संख्या सीमित गरिएको छ र दाताको पहिचान पूर्णरूपमा गोप्य राख्नुपर्ने छ । साथै, कुनै पनि व्यक्तिलाई प्रलोभनमा पारी वा दबाबमा राखी दान गराउन पूर्णरूपमा निषेध गरिएको छ ।

# नेपाल–चीन सीमा स्तम्भ निरीक्षण

**संखुवासभा (प्रस)–** सशस्त्र प्रहरी बल नेपाल किमाथांका बिओपी र चिनियाँ प्रहरीको संयुक्त टोलीले संखुवासभाको उत्तरी क्षेत्र किमाथांका नाकामा नेपाल–चीन सिमानामा रहेका सीमास्तम्भको निरीक्षण गरेको छ ।

सशस्त्र प्रहरी बल नेपाल नं ४ अरुण गुल्म चैनपुरअन्तर्गतको किमाथांका बिओपी र चिनियाँ प्रहरीको संयुक्त टोलीले उत्तरी क्षेत्र भोटखोला गाउँपालिका–१ किमाथांका चीनको स्वशासित क्षेत्र तिब्बतसँगको सिमाना पर्ने नेपाल–चीन सिमानाका सीमास्तम्भको निरीक्षण गरेको हो । टोलीले उत्तरी क्षेत्र भोटखोला गाउँपालिका–१ अन्तर्गत रहेका पाँच सीमास्तम्भको निरीक्षण गरेको सशस्त्र प्रहरी बल नेपाल नं ४ अरुण गुल्म चैनपुरका प्रहरी नायब उपरीक्षक बाबुराम पौडेलले जानकारी दिए ।

सशस्त्र प्रहरी बल सीमा सुरक्षा पोस्ट बिओपी किमाथांकाका इन्चार्ज नवीन खतिवडाको नेतृत्वमा सात, चीनको स्वशासित क्षेत्र तिब्बतका प्रहरी नायब उपरीक्षक दावाछिरिङको नेतृत्वमा आठ तथा नेपाल प्रहरीका चार सुरक्षाकर्मी सम्मिलित संयुक्त टोलीले सीमास्तम्भ निरीक्षण गरेको हो । संयुक्त सुरक्षा टोलीले किमाथांका नाकामा रहेका ६६, ६७, ६८/२, ६९/१ र ६९/२ नम्बरका सीमास्तम्भ, सीमाको अवस्थालगायतका विषयमा निरीक्षण तथा अवलोकन गरेको प्रहरी नायब उपरीक्षक पौडेलले बताए ।

संखुवासभामा नेपाल–चीन सीमामा २१ सीमास्तम्भ रहेका छन् । किमाथांकामा नेपाल–चीन अन्तर्राष्ट्रिय सीमास्तम्भ निकै पुरानो भएको बताइएको छ । गत जेठमा आएको बाढीले ७१/१ को सीमास्तम्भ बगाएको थियो । किमाथांका नाकामा २०७६ सालमा सशस्त्र प्रहरी बल सीमा सुरक्षापोस्ट बिओपी स्थापना भएको हो ।

भोटखोला–१ स्थित दोंगोप्पाखोला र छोकाङखोलामा बाढीले बगाएको ७१/१ सीमास्तम्भ हालसम्म फेला परेको छैन । भोटखोला गाउँपालिका–१, २ र ३ छिमेकी चीनको भूभागसँग जोडिएका छन् । यस क्षेत्रमा करिब पाँच हजार बासिन्दाको बसोबास रहेको छ । उनीहरू सीमापारिको चाँगाबजारमा गएर दैनिक रोजगारी गरेर जीविका चलाउँदै आएका छन् ।

वि.सं. २०३५ मा भन्सार कार्यालय स्थापित किमाथांका नाका द्वन्द्वलगायत कारणले २०५७ देखि सदरमुकाम खाँदबारीमा सारिएको थियो । खाँदबारीदेखि किमाथांका १६२ किलोमिटरको दूरीमा पर्दछ । यहाँ अझै पनि सडक सुविधा छैन ।

पृष्ठ १ बाट क्रमशः

## प्रश्नको घेरामा...

अख्तियारसँग नडराउने र चुप लागेर नबस्ने चेतावनी दिए । 'अख्तियारमा चिठी पठाएको भरमा चुप लाग्छु जस्तो लाग्छ तपाईंहरूलाई । अख्तियारलाई हामीले चिन्या छैन ? गज्जब छ बा ! सरकार, म कमिटी पैसा उठाऔं भन्छौं, उहाँहरू चिठी बोकेर हिँड्नुहुन्छ । के हो ताल यो ?,' मन्त्री खड्काले कर्मचारीहरूलाई प्रश्न गरे ।

ऊर्जामन्त्री खड्काविरुद्ध अख्तियारमा सवा आठ अर्ब रूपैयाँ महसुल नउठाइ ढिसमिस पार्न खोजेको भन्दै उजुरीसमेत परेको छ । उजुरी गर्ने प्राधिकरणकै कर्मचारीहरू हुन् । स्रोतको दाबीमा अख्तियार प्रमुख प्रेमकुमार राईले प्राधिकरणका कार्यकारी निर्देशक शाक्यलाई बोलाएर महसुलमा तलमाथि नगर्न चेतावनी दिएका छन् । यसलाई लिएर ऊर्जामन्त्री खड्का झनै असन्तुष्ट बनेका छन् । आइतबार उनले कार्यकारी निर्देशक शाक्यलाई निर्देशन दिँदै भने, 'एक एक पैसा उठाउने क्षमता त राख्नुपर्छ नि प्राधिकरणले । दशौं वर्ष किन लाग्यो ?'

मन्त्री खड्का आफैंले प्राधिकरण सञ्चालक नियुक्त गरेका श्यामकिशोर यादवलाई महसुल विवाद समाधानका लागि भन्दै छुट्टै प्रशासकीय पुनरवलोकन समिति पनि गठन गरेका छन् । यादव नेतृत्वको समिति महसुल नतिर्ने उद्योगी र बिचौलियाको प्रभावमा परेर मन्त्री खड्काले गठन गरेको आरोप छ । सोही समितिले दिएको सुझावका आधारमा महसुलबापतको सवा आठ अर्ब रूपैयाँ छुट दिने निर्णय खड्काले लिन सक्ने भन्दै विरोध भएको छ ।

■■■

## भारतीय...

तथा जनस्तरको निकट सम्बन्ध रही आएको उल्लेख गर्दै दुई मुलुकबीचको सम्बन्ध सार्वभौमिक समानता, मैत्रीपूर्ण सहयोग, आपसी सम्मान एवं विश्वासमा आधारित रहेको उल्लेख गरे । 'नेपालले भारतसँगको सम्बन्धलाई सधैं उच्च प्राथमिकतामा राख्दै आएको छ,' पौडेलको भनाइ उद्धृत गर्दै राष्ट्रपतिको सचिवालयले भन्यो ।

आइतबार नै भारतीय सचिव मिस्रीले कांग्रेस सभापति शेरबहादुर देउवालाई भेटे । आफ्नो निवास बूढानीलकण्ठ पुगेका मिस्रीसँग दुई देशबीचको सम्बन्धलाई अझ सबल बनाउने विषयमा कुराकानी भएको देउवाले बताए । 'हाम्रो छलफल आपसी विश्वास, सद्भावना र समृद्धि तथा स्थिरताको साझा आकांक्षामा आधारित निकट र बहुआयामिक नेपाल–भारत सम्बन्धलाई अझ सबल बनाउन केन्द्रित रह्यो,' भेटपछि देउवाले सामाजिक सञ्जाल एक्समा लेखेका छन् ।

लगत्तै मिस्रीले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालसँग भेटेका थिए । खुमलटारमा भएको दाहाल–मिस्री भेटमा नेपाल भारतबीचको द्विपक्षीय हितका विषयमा छलफल भएको दाहालको सचिवालयले जानकारी दिएको छ । 'नेपालको दुईदिने औपचारिक भ्रमणमा काठमाडौं आइपुग्नुभएका सचिव मिस्रीले अध्यक्ष निवास खुमलटारमा अध्यक्षसँग भेट गर्नुभएको हो । भेटमा नेपाल भारत द्विपक्षीय हितका विषयमा छलफल भएको छ,' दाहालका सचिवालय सदस्य दीपक भण्डारीले भने ।

त्यसपछि मिस्रीले परराष्ट्रमन्त्री डा. आरजु देउवासँगसमेत भेटेका थिए । भेटमा पारस्परिक हितका विषयहरू र सबै क्षेत्रहरूमा बहुआयामिक साझेदारीलाई थप वृद्धि गर्ने तरिकाबारे छलफल भएको भारतीय दूतावासले जानकारी दिएको छ । प्रधानमन्त्री ओलीको भारत भ्रमणका लागि लामो समयदेखि प्रयासरत परराष्ट्रमन्त्री राणा मिस्री आइपुग्दा खुसी भएको बताइएको छ । यही अवसरमा राणाले मिस्रीसँग हवाईमार्ग विस्तार गर्न माग गरेकी थिइन् ।

परराष्ट्रमन्त्री राणासँग भेटपछि मिस्री बत्तीसपुतलीस्थित होटल द्वारिकाज पुगेका थिए । होटलबाट समकक्षी अमृतबहादुर राईले आयोजना गरेको रात्रिभोजमा सहभागी हुन साँझ सोल्टी होटल पुगे । राईसँग उनको द्विपक्षीय भेटवार्ता भएको र थप राजनीतिक भेटघाट भएको बताइएको छ । विदेशसचिव मिस्री आज स्वादेश फर्कने कार्यक्रम रहेको छ ।

■■■

## कोरियन...

कोरियाले नेपाल सरकार र त्यहाँको श्रम, रोजगार तथा सामाजिक मन्त्रालयबीच भएको समझदारीपत्र (एमओयू) अनुरूप आवेदन खुलाउने गरेको छ । नेपालसहित १७ मुलुकबाट इपिएस प्रणालीमार्फत अदक्ष श्रमिकहरू लग्दै आएको छ । नेपालबाट श्रमिक लग्न थालिएको सन् २००८ यता एक लाख १७ हजार ५०० नेपाली युवाहरू भाषा परीक्षा उत्तीर्ण गरेर कोरिया गइसकेका छन् । गत आर्थिक वर्ष २०८१/८२ मा इपिएसमार्फत ११ हजार ५०० जना गएको वैदेशिक रोजगार विभागको तथ्यांक छ । हाल २० हजार युवा रोस्टरमा पालो कुरेर बसेका छन् ।

नेपाल सरकार र कोरियाको श्रम, रोजगार तथा सामाजिक मन्त्रालयबीच भएको समझदारी (एमओयू) अनुरूप आवेदन खुलाउने गरेको छ । आकर्षक सेवा सुविधा र पारदर्शी छनोट प्रणालीका कारण बर्सेनि लाखौं युवाहरू कोरिया जान भाषा परीक्षामा सहभागी हुन्छन् । तर रोजगारदाताले परीक्षामा उत्तीर्ण भएकाहरूबाट पनि छनोट गरेर लग्दा हजारौं युवाहरूको कोरिया जाने सपना अधुरै रहने गरेको छ ।

## नाम परिवर्तन सम्बन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०५/०२**

कम्पनी ऐन, २०६३ बमोजिम मिती २०८०/०५/१९ मा स्थापना भएको कम्पनी दर्ता नं. ३१८८०२/०८०/०८१ को प्राइभेट लिमिटेड कम्पनी **साबिक छिना कन्स्ट्रक्सन प्राइभेट लिमिटेड कम्पनी** कम्पनीको नाम परिवर्तन भई अब उपरान्त **अर्थओर्क डिजाइन एण्ड कन्स्ट्रक्सन प्राइभेट लिमिमटेड** कायम हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भएकाले विगतमा साविक नामबाट भए गरेका र अब उप्रान्त हुने सम्पूर्ण काम कारवाही ऋण धन तथा कर दायित्व नयाँ परिवर्तित नामबाट भए गरेको तथा हुने हुँदा सम्बन्धित सबैमा जानकारिको लागि यो सूचना प्रकाशित गरिएका छ ।

**अर्थओर्क डिजाइन एण्ड कन्स्ट्रक्सन प्राइभेट लिमिमटेड**
(साबिक छिना कन्स्ट्रक्सन प्राइभेट लिमिटेड)
गोदावरी न.पा.-१४, ललितपुर

## मोटरसाइकल हराएको सूचना

मिति २०८२।०५।०१ गते का.जि.का.म.न.पा. ०७ कालोपुल स्थित होटल गार्डेन फ्लावरको अगाडी पार्किङ गरिराखेको खैरो रङ्को रोयल ईन फिल्ड ३५० सि.सि. मोटरसाइकल रातको अन्दाजी ३:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : समपुरक बहुउधेसिय सहकारी संस्था**
**ऋणीको नाम : उज्वल श्रेष्ठ**
**बाइक नं.: बा.प्र. ०२-०४९ प ५६५०**
**च्यासिस नं.: ME3J3C5FARN001615**
**इन्जिन नं. : J3A5FBRZ003729**
**ठेगाना : का.जि.का.म.न.पा ७, कालोपुल**
**सम्पर्क नं. ९८०१०२०३३६, ९७०१७७९३१०**

## युएइमा रोजगार

कम्पनी : BRIDGEFORCE ELECTROMECHANICAL EQUIPMENT INSTALLATION (Br. of starforce facilities management service

पूर्व स्वीकृति मिति : २०८२/०५/०१ | LT. No. 329481 | चलानी नं. ६०२४३२९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steal Fixer | 5 | 0 | 1500 | ५७,१२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Welder | 5 | 0 | 1500 | ५७,१२७ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ९ गते (25th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1573/079/080
**SHREESHA INTERNATIONAL PVT.LTD.**
Koteshwor-32, Kathmandu, Nepal Tel: 01-5918931, 5918932 Mobile No : 9802352700
Email: info@shreeshainternational.com, www.shreeshainternational.com
For Location

## युएइमा वैदेशिक रोजगारको अवसर !

कम्पनी : EMRILL SERVICES LLC — फ्रि भिषा !! फ्रि टिकट !!

पूर्व स्वीकृति मिति : २०८२/०५/०१ | LT. No. 329464 | चलानी नं. ६०२४३२९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 175 | 25 | 1000 | ३८,०८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ९ गते (25th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 593/062/63
**KANCHAN HUMAN RESOURCES MANAGEMENT PVT. LTD.**
(Nearby International Airport, Next to Hotel Hema) Sinamangal-9, Kathmandu, Nepal
Telephone: 014564708, Mobile: 9851078211, 9851080486

## कतार/साउदीमा रोजगार

कम्पनी : MAHA AL KHALEEJ RESTAURANT AND JUICE STALL

पूर्व स्वीकृति मिति : २०८१/०८/२६ | LT. No. 315319 | चलानी नं.६०२२९६११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Workers | 2 | 0 | 1000 | ३८,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 3 | 0 | 1400 | ५३,७९० | | | | | | | |

कम्पनी : SWIFT WAY FOUNDATION

पूर्व स्वीकृति मिति : २०८२/०४/२९ | LT. No. 329272 | चलानी नं.६०२४३०७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | trailer truck driver | 4 | 0 | 1800 | ६७,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDUL AZIZ ALI MUTALAQ AL-GHUTRAN GENERAL CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०४/१५ | LT. No. 328277 | चलानी नं.६०२४३०१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaner | 2 | 0 | 1500 | ५५,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAUD HUSSEIN ALI ABBAD AND PARTNERS COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८२/०४/२९ | LT. No. 329271 | चलानी नं.६०२४३१२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 6 | 0 | 1000 | ३७,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ९ गते (25th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६६५/०८०/८१
**ROSEBUD HUMAN RESOURCE PVT. LTD**
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366
E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com

## साउदीमा रोजगार

कम्पनी : AMIRA MOHSEN ABDULLAH AL-DOSARI FOUNDATION

पूर्व स्वीकृति मिति : २०८२/०४/३० | LT. No. 329364 | चलानी नं. ६०२४३२७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Service Agent | 3 | 0 | 1200 | ४४,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ९ गते (25th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**WORKFORCE SERVICES PVT. LTD.**
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७

## युएइमा रोजगार

कम्पनी : BOOMIKA SURUTHY BUILDING WORKS L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०५/०१ | LT. No. 329492 | चलानी नं. ६०२४३२९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason/plaster Worker | 7 | 0 | 1500 | ५७,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bricklayer | 7 | 0 | 1500 | ५७,१२५ | | | | | | | |
| 3 | Carpenter | 6 | 0 | 1500 | ५७,१२५ | | | | | | | |
| 4 | Electrician - Building | 5 | 0 | 1500 | ५७,१२५ | | | | | | | |
| 5 | Labour | 5 | 0 | 1500 | ५७,१२५ | | | | | | | |
| 6 | Plumber | 5 | 0 | 1500 | ५७,१२५ | | | | | | | |
| 7 | Steel Fixture/civil Mason | 7 | 0 | 1500 | ५७,१२५ | | | | | | | |
| 8 | Tile Layer | 7 | 0 | 1500 | ५७,१२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ९ गते (25th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC 1675/080/81
**STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD**
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com

## कुवेत/साउदीमा रोजगार

कम्पनी : BLOOM ACADEMY NURSERY

पूर्व स्वीकृति मिति : २०८२/०४/२७ | LT. No. 329020 | चलानी नं. ६०२४२९७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 15 | 100 | ४५,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NUTRITION & DIET CENTER CO.

पूर्व स्वीकृति मिति : २०८२/०४/२८ | LT. No. 329188 | चलानी नं. ६०२४३२३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 5 | 0 | 1000 | ३७,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hospital Cleaning Worker | 5 | 0 | 1000 | ३७,२७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ९ गते (25th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५

## कतारमा रोजगार

कम्पनी : OUR OWN CONTRACTING & HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८२/०४/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०१ | LT. No. 328724 | चलानी नं. ६०२४३२८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant Gen. | 1 | 0 | 3800 | १४६,००५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Worker | 17 | 0 | 1000 | ३८,४२५ | | | | | | | |
| 3 | Carpenter | 2 | 0 | 1200 | ४६,१०५ | | | | | | | |
| 4 | Driver | 1 | 0 | 1700 | ६५,३२० | | | | | | | |
| 5 | Dry Cleaning Worker | 0 | 11 | 1000 | ३८,४२५ | | | | | | | |
| 6 | Foreman | 0 | 2 | 2500 | ९६,०५५ | | | | | | | |
| 7 | Ground Host For Reservation | 0 | 1 | 1500 | ५७,६३५ | | | | | | | |
| 8 | Receptionist | 0 | 1 | 1500 | ५७,६३५ | | | | | | | |
| 9 | Representative | 3 | 0 | 2500 | ९६,०५५ | | | | | | | |
| 10 | Supervisor | 2 | 2 | 2500 | ९६,०५५ | | | | | | | |
| 11 | Waiter | 0 | 1 | 1500 | ५७,६३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ९ गते (25th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 1535/078/079
**Global Recruitment Group Pvt.Ltd.** (BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)
Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484, 9820103691 / 9801193079
Chitwan Branch: 9855063635, Pokhara Branch: 9802853017, Email : info@grgnepal.com.np

## नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७९/०८/१५ मा दर्ता भएको श्री **स्पेक्ट्रा इन्जिनियरिङ्ग प्रा. लि. (प्रा. लि. नं. ३०२८४९)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७५/११/२७ मा दर्ता भएको श्री **प्रभुकृपा फड्स प्रा. लि. (प्रा. लि. नं. २१०४४५)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०५/०२**

यस कम्पनीको मिति २०८२/०३/०२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **वाम्बुले हलेसी तुवाचुङ कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी**को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल–अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि सबै **बान्तावा कञ्चन कन्स्ट्रसन एण्ड कन्सल्टेन्सी** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०४/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **बान्तावा कञ्चन कन्स्ट्रसन एण्ड कन्सल्टेन्सी (प्रा.लि.नं.२७८०१२)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## श्री कालिका भगवती सामुदायिक वन उपभोक्ता समूह
### रावाबेंसी गा.पा.४, खोटाङ
**काठ दाउरा लिलाम बिक्री सम्बन्धी २१ दिने सूचना**

*सूचना प्रकाशित मिति : २०८२/०५/०२*

यस सा.व.उ.स.को वन क्षेत्रबाट ढलापडा सुख्खड खडावाट मात्र उत्पादन भई घाटगद्दीमा रहेको लट नं.१ को खयर जातको टुनटुक्रा १५४८ थानको स्यापउड सहितको परिमाण १२०७.९१ क्यू.फि. काठ र लट नं.२ को खयर जातको टुनटुक्रा १०४३ थानको स्यापउड सहितको परिमाण ९५६.७७ क्यू.फि.काठ जो जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । भ्याटमा दर्ता भएको, नवीकरण भएका तथा कर चुक्ता भएको ईच्छुक काष्ठ व्यवसायी तथा फर्महरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले **२१ दिनभित्र** लट वाइज छुटाछुटै सिलबन्दी बोलपत्र खरिद गरि २२औं दिनको दिन रितपूर्वकको सिलबन्दी बोलपत्र दाखिला गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । पूर्ण व्यहोराको विस्तृत सूचना यस सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

# समावेशी नीति कार्यान्वयनमा सरकारी सञ्चारमाध्यम प्रभावकारी : सञ्चारमन्त्री



■ प्रभाव संवाददाता

**काठमाडौं–** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले भाषागत समावेशिताले संघीयताको मर्मलाई सम्बोधन गरेको बताएका छन् । तामाङ पत्रकार संघले आइतबार यहाँ आयोजना गरेको तामाङ मिडिया अवार्ड कार्यक्रममा उनले अरु क्षेत्रमा भन्दा सरकारी सञ्चारमाध्यममा समावेशी नीति प्रभावकारी देखिएको बताए ।

सरकारका प्रवक्तासमेत रहेका मन्त्री गुरुङका अनुसार राष्ट्रिय समाचार समिति (रासस), सार्वजनिक प्रसारण संस्था रेडियो नेपाल र नेपाल टेलिभिजन, गोरखापत्रले मातृभाषाका समाचार सम्प्रेषण गरेर समावेशिताको मर्मअनुसार संघीयतालाई सुदृढ बनाउने प्रयास भएको छ । गोरखापत्रमा ४५, रेडियो नेपालमा २५ र राससले तीन वटा मातृभाषामा समाचार सम्प्रेषण गरिरहेको जानकारी दिँदै मन्त्री गुरुङले सञ्चारमाध्यममा भाषागत समावेशिता प्रवर्द्धनलाई प्राथमिकताकासाथ अघि बढाइएको बताए । उनले चालु आर्थिक वर्षमा राससले तामाङ भाषामा पनि समाचार सेवा सञ्चालन गर्ने तयारी गरिरहेको जानकारी दिए ।

राष्ट्रिय सभाबाट पारित भई प्रतिनिधिसभाको समितिमा छलफलमा रहेको मिडिया काउन्सिल विधेयक टुंगिने अवस्थामा रहेको तथा सरकारले हालै एआई नीति अनुमोदन गरेको जानकारी दिँदै सञ्चारमन्त्री गुरुङले 'डिजिटल फ्रेमवर्क नेपाल'को परिकल्पनालाई साकार पार्न एआई नीति उपयोगी हुने विश्वास व्यक्त गरे ।

एआई नीति कार्यान्वयन गर्न भौतिक संरचना निर्माण, 'फोर जी नेटवर्क'लाई सबल बनाउने, 'फाइभ जी नेटवर्क' सुरु गर्ने, 'डेटा सेन्टर' खोल्ने गृहकार्यमा सरकार जुटेको उनले बताए । बागमती प्रदेशका खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री कृष्णकुमार तामाङले तामाङ भाषालाई सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयन गराउन प्रतिबद्धता रहेको बताए ।

## टीकाराम र मालतीलाई 'तामाङ मिडिया अवार्ड'

यस वर्षको तामाङ मिडिया अवार्ड पत्रकारद्वय टीकाराम तामाङ र मालती मोक्तानलाई प्रदान गरिएको छ । तामाङ पत्रकार संघले ३१औं तामाङ प्रसारण दिवसको अवसरमा आइतबार आयोजित कार्यक्रममा उक्त अवार्ड वितरण गरेको हो ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले पत्रकारद्वयलाई अवार्ड प्रदान गरेका थिए । उनीहरूले अवार्डका साथमा जनही १० हजार रूपैयाँ पुरस्कारसमेत पाएका छन् ।

नुवाकोटका तामाङ कान्तिपुर दैनिकसँग आबद्ध छन् । अर्का पत्रकार मोक्तान धनकुटास्थित रेडियो लालिगुराँसमा कार्यरत छिन् । उनी सामुदायिक रेडियो प्रसारक संघ (एकोराब)की कोशी प्रदेश उपाध्यक्षसमेत हुन् । अवार्ड छनोट समितिका संयोजक प्रतीक तामाङले पत्रकारितामार्फत तामाङ समुदायमा योगदान पुऱ्याएकाले उनीहरूलाई अवार्डका लागि छनोट गरिएको बताए । अवार्डले पत्रकारितामा लाग्न तामाङ युवाहरूलाई उत्प्रेरित गर्ने उनको भनाइ छ ।

संघका अध्यक्ष नेत्र तामाङले आफ्नो समुदायका पत्रकारको योगदानको कदर तथा वृत्तिविकासमा सघाउन अवार्ड प्रदान गरिँदै आएको बताए । उनका अनुसार २०५१ भदौ १ गते पहिलोपटक रेडियो नेपालबाट तामाङ भाषाको समाचार प्रसारण भएको दिनलाई तामाङ समुदायले तामाङ प्रसारण दिवसको रूपमा मनाउँदै आएका छन् ।

यस दिन देशभर नै तामाङ पत्रकारहरूका साथै विभिन्न संघसंस्थाले कार्यक्रम आयोजना गर्दै आएको उनले बताए । संघको २२ वटा जिल्लामा रहेका जिल्ला शाखा, बागमती र कोशी प्रदेशमा रहेका प्रदेश समितिले पनि एक सातासम्म विभिन्न कार्यक्रम आयोजना प्रसारण दिवस मनाइरहेको अध्यक्ष तामाङले जानकारी दिए ।

# डेंगु नियन्त्रण गर्न युवा परिचालन गरिँदै

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले डेंगुजस्ता महामारीजन्य रोग रोकथाम र नियन्त्रण गर्न झण्डै ३०० युवा परिचालन गर्ने तयारी गरेको छ । महानगरपालिकाले ३२ वटै वडामा उनीहरूलाई स्वयंसेवकका रूपमा परिचालन गरिने जनाएको छ ।

महानगरपालिकाका स्वास्थ्य विभागका महामारी रोग रोकथाम तथा नियन्त्रण 'फोकल पर्सन' ऋषिप्रसाद भुसालका अनुसार अहिले महानगरपालिकाले सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रसँगको सहकार्यमा युवालाई परिचालन गर्न लागेको हो । यसअन्तर्गत लामखुट्टेको लार्भा नष्ट गर्न विशेष जोड दिइने छ । त्यसका लागि पानी जम्ने खाल्डाखुल्डी पुर्ने, खुला स्थानमा राखिएका पानी जम्न सक्ने भाँडा, टायर हटाउने, उद्यान सरसफाइमा विशेष ध्यान दिनेलगायत काम गरिने उनले जानकारी दिए ।

महानगरपालिकाले सहरी व्यवस्थापन विभागसँग मिलेर अव्यवस्थित रूपमा राखेका सामान हटाउनका लागि पहल गर्ने, पानी जम्ने सम्भावना भएको अवस्थालाई व्यवस्थापन गर्ने तयारी पनि गरेको छ । यससँगै कामपा प्रहरी, विपद् व्यवस्थापन विभाग र नेपाल रेडक्रस सोसाइटी तथा नागरिक सचेतना पनि सञ्चालन गरिने छ ।

वडा कार्यालय, स्वास्थ्य प्रवर्द्धन केन्द्र, स्थानीय क्लब, सामुदायिक प्रहरी र स्वास्थ्य स्वयंसेविकाको सहभागितामा यो अभियान सञ्चालन हुनेछ । त्यसैगरी महानगरपालिकाले हैजा रोग नियन्त्रण गर्न खानेपानीको गुणस्तरमा विशेष ध्यान दिँदै जारको पानी ढुवानीमा हुने कमजोरी रोक्न प्लास्टिक ऱ्याप, स्टिकर र सचेतनामूलक अभियान सञ्चालन गर्ने तयारी गरेको छ ।

# हिन्दूकुश हिमालय संसदीय बैठक आजदेखि

■ भीष्मराज ओझा




**काठमाडौं–** 'हिन्दूकुश हिमालय क्षेत्र'मा पर्ने मुलुकका संसद्बीच साझा धारणा, संवाद र समन्वयका हुन लागेको 'हिन्दूकुश हिमालय संसदीय बैठक' आजदेखि सुरु हुँदै छ । संघीय संसद्, कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिको आयोजनामा आज र भोलि (भदौ २ र ३ गते) काठमाडौंमा हुने बैठकको तयारी पूरा भएको समितिले जानकारी दिएको छ ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)को प्राविधिक सहयोगमा आयोजना हुन लागेको बैठकमा हिन्दूकुश हिमालय क्षेत्रका देशहरू नेपाल, भारत, चीन, बंगलादेश, भुटान, म्यानमार र पाकिस्तानका संसदीय प्रतिनिधिको सहभागिता रहने छ । अफगानिस्तानको सरकारलाई नेपालले हालसम्म मान्यता नदिएका कारण बैठकमा आमन्त्रण गरिएको छैन ।

आज बिहान राष्ट्रपति रामचन्द्र पौडेलले बैठकको उद्घाटन गर्ने कार्यतालिका छ । बैठकमा हिन्दूकुश हिमालय क्षेत्रमा रहेका देशका जनप्रतिनिधि, संसदीय समितिका प्रमुख तथा प्रतिनिधि गरी करिब ३० जना तथा जलवायु परिवर्तन, वायुप्रदूषण र वातावरणका विषयसँग सम्बन्धित विज्ञको सहभागिता रहने छ । साथै, साझेदार संस्थाहरू, नेपालको संघीय संसद् र सरकारी अधिकारीहरूका सम्बन्धित विज्ञहरू पनि यस कार्यक्रममा सहभागी हुने छन् । वन तथा वातावरण तथा परराष्ट्र मन्त्रालयसँगको आवश्यक समन्वयमा बैठक आयोजना हुन लागेको हो ।

आयोजक समितिका संयोजक वीरबहादुर बलायरले बैठकको तयारी पूरा भएको जानकारी गराउँदै कार्यक्रममा हिन्दूकुश क्षेत्रमा जलवायु परिवर्तन, वातावरण प्रदूषण र जैविक विविधताका विषयमा परेको असर, जोखिम र त्यसक्षेत्रका अवसरबारे विस्तृत र गहन छलफल हुने बताए । उनले भने, 'जलवायु परिवर्तनको ठूलो असर हिन्दूकुश क्षेत्रमा परेको छ, जैविक विविधता पनि लोप भएर गइरहेको छ । यसलाई न्यूनीकरण गर्न बेलैमा साझा पाइला चालेर केही गर्न सकिन्छ कि भन्ने उद्देश्य यो कार्यक्रम गर्न लागेका हौं ।'

विश्व समुदायले जलवायु परिवर्तन, जैविक विविधताको ह्रास र वायु प्रदूषणजस्ता समस्या भोग्नु परिरहेको परिप्रेक्ष्मा हिन्दूकुश राष्ट्रका सांसदहरूलाई एउटै मञ्चमा बसेर समस्या समाधानका लागि साझा धारणा बनाउन प्रयत्न गरिएको उनको भनाइ छ । हिन्दूकुश हिमालय एक जैविक विविधता र सांस्कृतिक रूपमा धनी पर्वतीय क्षेत्र हो, जुन अफगानिस्तान, बंगलादेश, भुटान, चीन, भारत, म्यानमार, नेपाल र पाकिस्तान गरी आठ देशमा फैलिएको छ ।

हिन्दूकुश क्षेत्रका मुलुकका संसद्बीच नीति तथा कानुन निर्माण र दिगो विकासमा ज्ञान, सीप तथा नवीन धारणालाई आदानप्रदान गर्ने उद्देश्यले बैठक आयोजना गर्न लागिएको समितिकी सभापति कुशुमदेवी थापाले बताइन् । राजनीतिक र संसदीय नेतृत्वलाई एकै ठाउँमा राखेर छलफल गर्दा प्राप्त हुने निष्कर्षलाई भावी दिनमा सम्बन्धित देशका जलवायु नीति तर्जुमा तथा जलवायु अनुकूलन, कार्बन उत्सर्जन न्यूनीकरण, क्षेत्रीय रणनीति तयार पारी कार्यक्रम तर्जुमा गर्न महत्त्वपूर्ण योगदान पुग्ने उनको विश्वास छ ।

हिन्दूकुश हिमालय क्षेत्रले जलवायु परिवर्तन, जैविक विविधताको क्षति र प्रदूषणको प्रभावसँगै तीव्र सामाजिक-आर्थिक परिवर्तनबाट विभिन्न संकटको सामना गरिरहेको छ । यसबाट पारिस्थितिक प्रणाली, प्राकृतिक स्रोत, जीविकोपार्जन र मानव जीवनमा गम्भीर प्रभाव पारिरहेको छ । ज्वलन्त पर्वतीय मुद्दालाई राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी मञ्चमा साझा दृष्टिकोण, सक्रिय सहभागिता र समुचित रूपमा उठाउने बैठकको संकल्प छ । बैठकमा परराष्ट्र मन्त्रालयबाट समन्वय गरिरहेका सहसचिव लोकबहादुर पौडेल क्षेत्रीले जलवायु परिवर्तन, जैविक विविधताको क्षति र वायु प्रदूषणसँग सम्बन्धित प्रमुख समस्याका साथै साझा चुनौती र अवसरबारे संसदीय अभ्यास तथा बुझाइलाई नवीन ढंगबाट अभिवृद्धि गर्न बैठक सहयोगी हुने बताए ।

विश्वव्यापी जलवायु परिवर्तनका कारण नेपाल उच्च जोखिममा रहेको मुलुकमा पर्दछ । वैज्ञानिक अध्ययनअनुसार हिमाली क्षेत्रको तापक्रम वर्तमान तथा भविष्यमा विश्वको औसत तापक्रमको दाँजोमा ० दशमलव ३ डिग्री सेल्सियस देखि ० दशमलव ७ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ । उच्च तापक्रम वृद्धिले गर्दा यस क्षेत्रमा रहेका हिमालका दुईतिहाइ हिमभण्डार पग्लने अनुमान अध्ययनले गरेका छन् । परिवर्तित जलवायुका कारण नेपालमा पछिल्लो समय मनसुनी वर्षाको प्रकृति, मात्रा तथा समय तालिकामा व्यापक हेरफेर देखिन थालेको छ र यस प्रकारको हेरफेरका कारण उत्पन्न हुने जलवायुजन्य प्रकोप र विपद्ले गर्दा नेपाली जनताले वहुपक्षीय चुनौतीको सामना गर्नुपरिरहेको छ ।

वन मन्त्रालयका जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख डा. महेश्वर ढकालले जलवायु परिवर्तनले हिमालय क्षेत्रमा पारेको प्रभावमात्र नभई सम्भावना र अवसरबारे पनि कार्यक्रममा पर्याप्त छलफल हुने जानकारी दिए । 'भावी पुस्ताको दिगो भविष्य सुनिश्चित गर्न विभिन्न वातावरणीय र सामाजिक-आर्थिक चुनौती तथा आवश्यकता, सम्भावना र अवसर मिहीन रूपमा पहिचान तथा छलफल गरी सामूहिक रूपमा सम्बोधन गर्ने बैठकको मुख्य ध्येय रहेको छ,' उनले भने ।

हिन्दूकुश क्षेत्रमा वातावरणीय र सामाजिक-आर्थिक चुनौतीबारे सांसदसँग छलफल गर्न र सामूहिकरूपमा सम्बोधन गर्न क्षेत्रीय साझा मञ्चको कमी रहेको अवस्थामा राष्ट्रिय, क्षेत्रीय र अन्तर ाष्ट्रिय मञ्चमा पर्वतीय मुद्दाका लागि अझ प्रभावकारी रूपमा वकालत गर्न कार्यक्रम सहयोगी हुने अपेक्षा गरिएको छ । *रासस*

# सिड्नीमा 'तामाङ ज्ञान पहिचान'बारे सेमिनार

**अस्ट्रेलिया (प्रस)–** तामाङ सोसाइटी अफ न्यु साउथ वेल्स सिड्नीले 'तामाङ ज्ञान पहिचान' विषयक एकदिने सेमिनार सम्पन्न गरेको छ । ९३औं तामाङ पहिचान दिवसको सन्दर्भ पारेर उक्त सेमिनार आयोजना गरिएको हो ।




सिड्नीमा आयोजित कार्यक्रममा राजनीतिक विश्लेषक विश्वभक्त दुलाल 'आहुति'ले प्रमुख वक्ताको रूपमा आफ्नो विचार राखेका थिए । उनले तामाङ पहिचान र तामाङ जातिले इतिहासका विभिन्न कालखण्डमा राज्यसत्ताबाट भोगेका दमनबारे जानकारी दिएका थिए । लामो समय दमनमा परे पनि तामाङ जातिले आफ्नो पहिचान जोगाइराखेको भन्दै उनले प्रशंसा गरे ।

नेपालबाट 'भर्चुअल' माध्यमबाट सम्बोधन गर्दै भाषाविद् अमृत योञ्जन तामाङले विगत साढे चार दशकको अवधिमा तामाङ भाषाको क्षेत्रमा काम गर्दाको अनुभव राखेका थिए । उनले अहिले बागमती प्रदेशको कामकाजी भाषाको रूपमा तामाङ भाषा कार्यान्वयनमा आएको जानकारी दिँदै यो निरन्तरको भाषिक आन्दोलनको उपलब्धि भएको उल्लेख गरे ।

नेपालबाटै 'भर्चुअल' रूपमा सम्बोधन गर्दै मानवशास्त्री डा. मुक्तसिं लामाले तामाङ जातिको धार्मिक, सांस्कृतिक पहिचानको विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । यसैगरी, ललितकला क्याम्पसका लालकाजी तामाङले ललितकलाको विषयमा चर्चा गरेका थिए ।

संस्थाका पूर्वअध्यक्ष एवं सल्लाहकार अरुण तामाङले संस्थाको प्रयासमा तामाङ समाजका विद्वान व्यक्तित्वहरूको सहभागी र अन्य संघ संस्थाको व्यक्तिहरूको उपस्थितिले कार्यक्रम सफल भएको बताए । राज पाख्रिनको सभापतित्वमा भएको कार्यक्रममा संस्थाका उपाध्यक्ष ग्यानक वाइबा तामाङले स्वागत मन्तव्य राखेका थिए ।


Khumbu Pasanglhamu Rural Municipality

**Office of the Rural Municipal Esxecutive**

Chaurikharka, Solukhumbu, Koshi Province

## Invitation For Bids

**Date of publication: 2082-05-02 (18th August,2025)**

1. Khumbu Pasanglhamu Rural Municipality, Solukhumbu invites electronic bids from Nepalese eligible bidders for the following project under National Competitive Bidding procedures.

| IFB No. | Description of Work | Estimated Amount (without VAT and Contingency) | Bid Security NRs | Bid Document Fee NRs | Bid Validity Period | Bid bond security period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 02/NCB/WORKS/ROAD/KPLRM/2082-83 | Chyading Tole Branch Road Upgrading and Sewage Treatment. | 2589409.22/- | 64500/- | 3000/- | 90 Days | 120 Days | |
| 03/NCB/WORKS/BLDG/KPLRM/2082-83 | Namche Haat Bazar Management. | 1267631.57/- | 32000/- | 3000/- | 90 Days | 120 Days | |
| 04/NCB/WORKS/ROAD/KPLRM/2082-83 | Ngotungla-Tate Road Track Opening Work | 2155419.54/- | 54000/- | 3000/- | 90 Days | 120 Days | |

2. Eligible bidders may obtain further information and inspect the e-bid Forms at the website of PPMO www.bolpatra.gov.np. and should submit online bids electronically through PPMO e-GP portal www.bolpatra,gov.np.

3. For detail information contact in Khumbu Pasanglhamu Rural Municipality, Tel. No. 038590066, email: ito.khumbupasanglhamumun@gmail.com



**साउदीमा रोजगार** कम्पनी : NASSER SALEH MOHAMMED AL-HAWAS FOR DECORATION AND POLISHING EST.

पूर्व स्वीकृति मिति : २०८२/०४/२९ | LT. No. 329206 | चलानी नं. ६०२४३२४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Lobour | 2 | 0 | 1000 | ३७,२७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SERA LEADING GENERALCONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०४/३० | LT. No. 329287 | चलानी नं. ६०२४३२४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver. | 2 | 0 | 1800 | ६७,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Khalid Mansour Abdul Mohsen Al Otaibi Trading Company

पूर्व स्वीकृति मिति : २०८२/०४/३० | LT. No. 329442 | चलानी नं. ६०२४३२४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 1 | 0 | 1800 | ६७,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ८ गते (24th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HALESI OVERSEAS PVT LTD

Govt. License No. 1161/073/74

Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com



**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस **Tridev Traders Pvt. Ltd.** कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि. नं. | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पत्तिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | ADVANCE | AV82-25Y01 | N/A | CHINA | PCS | 7,000.00 | 10,000.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | ADVANCE | AV82-25Y02 | N/A | CHINA | PCS | 7,500.00 | 12,000.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | ADVANCE | AV82-25Y03 | N/A | CHINA | PCS | 8,500.00 | 14,000.00 | |
| 4 | RANGEHOOD CHIMNEY | N/A | INDOFRESH | IF82-25Y01 | N/A | CHINA | PCS | 7,000.00 | 10,000.00 | |
| 5 | RANGEHOOD CHIMNEY | N/A | INDOFRESH | IF82-25Y02 | N/A | CHINA | PCS | 7,500.00 | 12,000.00 | |
| 6 | RANGEHOOD CHIMNEY | N/A | INDOFRESH | IF82-25Y03 | N/A | CHINA | PCS | 8,500.00 | 14,000.00 | |

बिक्रेताको फर्मको नाम: Tridev Traders Pvt. Ltd. | स्थायी लेखा नं: 602397146

ठेगाना: Pepsikola-32, Kathmandu, Nepal | फोन नं: 9851071012

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# कुण्ठाले भरिएको कूटनीति

भारतीय विदेशसचिव नेपाल भ्रमणमा आएसँगै नेपालमा दुई विषयमा बहस सुरु भएको छ । पहिलो, विदेशसचिव विक्रम मिस्रीले पाएको अतिथ्यता । दोस्रो, प्रधानमन्त्री केपी शर्मा ओलीसँगको भेटमा उनको गेस्चर ।

मिस्रीले काठमाडौं उत्रनासाथ राष्ट्रपति रामचन्द्र पौडेलदेखि प्रधानमन्त्री केपी शर्मा ओली र विपक्षी दलका नेतासँग क्षणमै भेट्न भ्याए । हुन त नेपाली नेताहरू लैनचौर नै गएर भेट्ने प्रथा भए पनि पछिल्लोपटक भारतीय नेताहरू आफैं नेपाली नेताको पायक पर्ने ठाउँमै पुगेर भेट्ने गर्छन् ।

लैनचौर जाँदा नेपाली नेताहरू आलोचनाको सिकार बन्ने बुझेर भारतीय अधिकारीहरू अचेल नेताको घर कार्यालयमै पुग्न थालेका छन् । यसपटक भारतीय सचिव मिस्री बूढानीलकण्ठदेखि खुमलटारसम्म पुगे । भारतमा डेरा जमाएर बस्दा पनि हाम्रा परराष्ट्रमन्त्री डा. आरजु राणा देउवालाई उच्चस्तरीय भेटको कुनै अवसर दिइएको थिएन । जसकारण लामो समयदेखि भारत भ्रमणको भोकले छट्पटिएका प्रधानमन्त्री ओली बरु चीनतिर हुँइकिन बाध्य बने ।

भारत भ्रमणको 'ग्रिन सिग्नल' पाएपछि ओलीसहित यो सरकारको भुँइमा खुट्टा छैन । भारतको एक जना मामुली कर्मचारीसँग झुक्नुपर्दाको कूटनीतिक पीडा हो यो । अर्को विषय हो ओलीसँग मिस्रीको गेस्चर । एमालेका नेताहरूले नै प्रधानमन्त्री ओलीसँगको भेटमा मिस्रीले सामान्य शिष्टाचार प्रयोग नगरेको आरोप लगाएका हुन् । ओलीसँगको भेटमा मिस्रीले उपरखुट्टी लगाएको तर अरु नेतासँग भेट्दा शिष्टाचार पालना गरेको एमाले नेताहरूको आरोप छ ।

सरकारमा रहेको नेतृत्वले हीनताबोध भोग्दै गर्दा कार्याकर्ताले एउटा बसाईँलाई लिएर यसरी टिप्पणी गर्नु अर्को हीनताबोध हो । सरकार प्रमुख हुँदै कार्याकर्ता र सर्वसाधारणले भारतीय पक्षसँगको भेटलाई सशंकित तवरले हेर्ने गर्छ । छिमेकी आउँदा स्वागत सत्कार नेपाली परम्पराको अति विशिष्ठ परम्परा हो । संस्कार नै हो । तर नेपालीहरू छिमेकी राष्ट्रका नेता र सरकारी अधिकारीहले पाएको 'एक्सेस'लाई लिएर अनेक शंका उपशंका गर्न भ्याउँछन् ।

हुन त विभिन्न आन्दोलनमा छिमेकीको हेपाहा प्रवृत्तिको विरोध गर्दै आएका नेपालीका लागि यो सामान्य विषय हो । तर नेपाल भित्रिएको पाहुनाबाट हामीले फाइदा लिन सक्नुपर्छ । यसरी जथाभावी रूपमा शंकाउपशंका गर्नुभन्दा सहजीकरणमा सहयोग गर्ने काम नेपाली समाजको हो । यसलाई चिर्न सकेमा पक्कै पनि कूटनीति सुध्रिन्छ । नभए कुण्ठा पोखेर कूटनीति बन्दैन ।

## श्रम सरोकार

### आप्रवासी कामदारका लागि अन्तर्राष्ट्रिय कानुनका केही प्रावधान

मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, संयुक्त राष्ट्रसंघीय र अन्तराष्ट्रिय श्रम संगठन (आइएलओ)का विभिन्न महासन्धिहरूले आप्रवासी कामदारहरूलाई निम्न अधिकार प्रदान गरेका छन्:

- कामको अधिकार, समान कामका लागि महिला र पुरुषलाई समान ज्यालाको अधिकार
- घुमफिरको स्वतन्त्रता (एक देशबाट अर्को देशमा जान पाउने अधिकार/स्वदेश फर्कन पाउने अधिकार)
- लिंग, जाति, राष्ट्रियता आदिका आधारमा भेदभाव नगरी समानताको अधिकार
- अदालतका काम कारबाहीमा नागरिकसरह समानताको अधिकार, स्वच्छ पुर्पक्षको अधिकार
- कामका सेवा सर्तहरूमा नागरिकसरह समान व्यवहार पाउने अधिकार
- सांस्कृतिक तथा ट्रेड युनियनको अधिकार ।

**नोटः** महासन्धि अनुमोदन नगरेको राष्ट्रमा महासन्धिका व्यवस्थाहरू लागू नहुन सक्छन् । ट्रेड युनियनको अधिकार, बन्द/हडताल गर्नेजस्ता कुरामा सम्बन्धित देशको कानुन नबुझी कदम उठाउँदा धेरै नेपालीले जागिर गुमाएका छन् । यसर्थ अधिकारको प्रयोग गर्दा सम्बन्धित देशको कानुनको पालना गर्नु जरुरी हुने छ ।

#### महिला कामदारले ध्यान दिनुपर्ने कुराहरु

- प्रायः घरमा सिसी क्यामरा जडान गरिएको हुन्छ । त्यसबाट सबै कुरा हेरिरहेका हुन्छन् । त्यसैले होस् पुऱ्याउनुपर्दछ ।
- घरमुली वा रोजगारदातासँग बढी कुराकानी गर्दा कतिपय ठाउँमा राम्रो मानिँदैन ।
- नचिनेको महिला वा पुरुषको साथ लागेर नचिनेको/नजानेको ठाउँमा जानु हुँदैन ।
- पुरुष रोजगारदाता मात्र घरमा भएका बेला विशेष सावधानी अपनाउनुपर्दछ ।

#### ठगीबाट जोगिने उपायहरु

- एजेन्टको मात्र भर नपरी म्यानपावरसँग सीधा सम्पर्क गर्ने ।
- कुन देश जाने हो ? कति तलबमा जाने हो ? लागत खर्च कति लाग्छ ? कुन म्यानपावरबाट जाँदै छु ? आदि कुराहरू बुझेर जानुपर्छ । लागत खर्च र आम्दानीको बारेमा राम्ररी बुझ्नुपर्दछ ।

# वासुदेवचन्द्र मल्लः इतिहासका स्थापित व्यक्तित्व



प्रा.डा. तीर्थप्रसाद मिश्र

> वासुदेवचन्द्र मल्ल सन् १९७५ मा नेपाल काउन्सिल अफ वर्ल्ड अफियर्सको संस्थापक अध्यक्ष हुनुभयो । यो संस्थालाई नेपालको कूटनीतिक क्षेत्रमा एक अब्बल संस्थाका रूपमा गणना गरिन्छ । यसको श्रेय पनि मल्ल सरलाई नै दिनुपर्ने हुन्छ । यसैगरी प्रजातान्त्रिक विचार समाजका परिकल्पनाकार र संस्थापक अध्यक्ष पनि उहाँ नै हुनुहुन्थ्यो । उक्त संस्था हालसम्म पनि प्रजातन्त्र/लोकतन्त्रको रक्षाका लागि निरन्तर सक्रिय रहेको छ । नेपाली कांग्रेसको अन्तर्राष्ट्रिय विभागको सदस्य भई तथा अन्य विभिन्न समितिमा रही कार्यसम्पादन गर्नुभएका प्राध्यापक मल्ललाई कांग्रेसीजनले आफ्ना मार्गदर्शक र सल्लाहकारका रूपमा लिने गर्दथे ।

नेपाल बहुसभ्यता र बहुसंस्कृति सम्पन्न गौरवपूर्ण अतीत भएको मुलुक हो । इतिहासको विभिन्न कालखण्डमा राष्ट्र एवं समाजमा विशेष योगदान पुऱ्याएका व्यक्तित्वहरूको स्मरण गरी श्रद्धासुमन व्यक्त गर्नु नेपाली समाजको एउटा सुन्दर पक्ष हो ।

विगतमा देशका लागि गुन लगाएका व्यक्ति समाजमा ओझेल नपरुन् र त्यो योगदानबारेमा भावी पुस्ता पनि सुसूचित हुन सकुन् भन्ने हेतुले यस्ता महामानवहरूको स्मृति दिवस मनाउने विशिष्ट परम्परा रहेको पाइन्छ । यसै तथ्यलाई आत्मसात् गरी प्रा. वासुदेवचन्द्र मल्लको २८औं स्मृतिदिवस साउन ३१ गते पनि स्मरण गर्ने र उहाँले नेपालको शैक्षिक, प्रशासनिक, कूटनीतिक र राजनीतिक क्षेत्रमा पुऱ्याउनुभएको योगदान पनि स्मरण गर्ने उद्देश्य यस आलेखको रहेको छ ।

मध्यकालीन नेपालको इतिहासमा कर्णाली प्रदेशमा सवल खसिया मल्ल साम्राज्य थियो । सोही राज्य विखण्डन हुँदै जाँदा बाइसी र चौबिसी राज्यहरू सिर्जना भए । यिनै टुक्रेमध्येका केही राज्यमा शासक मल्लवंशी थिए । यही मल्लवंशका सन्तति थिए, बझाङका कृपाचन्द्र मल्ल । उनी भारतीय सेनामा कर्नेल पदमा कार्यरत रहँदा अल्मोडा (हाल भारतको उत्तराखण्ड) मा २५ डिसेम्बर १९२६ मा वासुदेवचन्द्र मल्लको जन्म भएको थियो । उहाँ नै कालान्तरमा बिसी मल्लको नामबाट ख्यातिप्राप्त हुनुभयो । अल्मोडामा नै म्याट्रिक पास गरी बनारसको काशी हिन्दू विश्वविद्यालयमा राजनीतिशास्त्रमा स्नातकोत्तर उत्तीर्ण मल्ल बनारसमा अध्ययन गर्ने क्रममै प्रजातन्त्रका हिमायती बन्नुभएको थियो । उहाँले सन् १९५१ (वि.सं. २००७) सालदेखि मृत्युपर्यन्त मुलुकको बहुविधा क्षेत्रको केन्द्रबिन्दुमा रही मुलुकलाई महत्त्वपूर्ण योगदान पुऱ्याउनुभयो ।

भारतको बनारस प्राचीनकालदेखि नै नेपालीहरूका लागि आकर्षक गन्तव्यस्थल रहेको थियो । तीर्थाटनका लागिमात्र नभएर पढ्न, जागिर खान, राजनीति गर्न, आवश्यक पर्दा परिचय लुकाएर भूमिगत रहन, मर्न र मार्न तथा निर्वासित भई आश्रय लिन नेपालीहरू बनारस पुग्ने गरेको देखिन्छ । बनारसबाटै नेपालको प्रजातान्त्रिक आन्दोलन प्रारम्भ भएको थियो । यस आन्दोलनमा पनि मल्ल सरिक हुनुभयो । हनुमाननगरबाट सशस्त्र क्रान्तिमा भाग लिई आन्दोलन सफल बनाउन उहाँले सहयोगी भूमिका निर्वाह गर्नुभएको थियो । उहाँले बनारस हिन्दू विश्वविद्यालय, नेपाली छात्र संघका अध्यक्ष भई नेपाली विद्यार्थीहरूलाई आन्दोलनमा सरिक हुन प्रेरित गर्नुभएको प्रसंग स्मरणीय छ ।

सन् १९५१ (वि.सं. २००७) सालको आन्दोलनपश्चात् सन् १९५३ देखि ५५ सम्म बालसखा दलको सदस्य हुनुभई सन् १९५६ मा तरुण दलको सचिव हुँदै अध्यक्षको भूमिकासमेत निर्वाह गर्नुभएको थियो । प्रारम्भदेखि नै प्रजातन्त्रका हिमायती हुँदा पञ्चायती राजको कोपभाजनमा पर्नुभयो । यद्यपि, २०४६ सालको आन्दोलन सफल हुनुमा पनि मल्लको योगदान स्तुत्य रहेको थियो । तत्कालीन समयमा सम्पूर्ण बौद्धिक वर्गलाई आन्दोलनमा परिचालन गर्न पनि उहाँ सफल हुनुभएको थियो । आजन्म प्रजातन्त्रप्रति गहिरो अनुराग राख्नुहुने मल्लले आत्मसम्मान, स्वाभिमान र अवलम्बन गरेको आदर्शसँग कहिल्यै सम्झौता गर्नुभएन । वि.सं. २०४६ पश्चात् प्रजातन्त्र रक्षा गर्ने दिशामा उहाँले सदैव रक्षाकवजका रूपमा आफूलाई अग्रसर बनाउनुभयो ।

नेपालमा सन् १९६१ (वि.सं. २०१८) देखि प्रारम्भ भएको राजनीतिशास्त्रको स्नातकोत्तर कार्यक्रममा सन् १९७५ (वि.सं. २०३२) सम्म अनवरत सेवा गरी धेरै शिष्यहरूको व्यक्तित्व निर्माणमा उहाँले प्रत्यक्ष भूमिका निर्वाह गर्नुभएको छ । शेरबहादुर देउवा, अर्जुननरसिंह केसी, हिरण्यलाल श्रेष्ठ, कृष्ण पोखरेल, कृष्ण खनाल, नवीनप्रकाशजंग शाह, सौभाग्यजंग कार्की, कपिल श्रेष्ठ, श्रीशशमशेर राणा, मधुनिधि तिवारीजस्ता अनेकौं चर्चित व्यक्तिहरू मल्लसरका चेला भएकोमा गौरव गर्ने प्रसंग अझै स्मरणीय छ । सन्त नेता कृष्णप्रसाद भट्टराई लेख्नुहुन्छ, 'श्री वासुदेवचन्द्रजी अत्यन्त नै मिलनसार सहहृदयी मित्र हुनुहुन्थ्यो । आफ्ना सारा परिवारको पल्टनिया सेवाको पृष्ठभूमि भएकाले उहाँ दृढ निश्चय र अनुशासनप्रिय हुनुहुन्थ्यो, जो पछि उहाँ प्राध्यापक संघको दुईपटक अध्यक्ष हुँदा त्रिविको उपकुलपति हुँदा र चीनका लागि नेपालको राजदूत भई काम गर्दा समाजका लागि अत्यन्त उपयोगीसिद्ध भयो ।'

राजनीतिक विचारधाराबाट प्रेरित भएता पनि शिक्षण पेसामा रमाउनुहुने मल्लले सन् १९५४ देखि ५६ सम्म त्रिचन्द्र कलेज र संस्कृत महाविद्यालयमा प्राध्यापन गर्नुभयो । सन् १९६३ मा त्रिभुवन विश्वविद्यालय राजनीतिशास्त्रको प्रमुख भई सोही विभागमा लामो समयसम्म सेवा पनि गर्नुभयो । सन् १९६९ देखि एक वर्ष अमेरिकाको इलोनाइ र कोलम्बिया विश्वविद्यालयमा आगन्तुक प्राध्यापक भई कार्यसमेत गर्नुभयो । सन् १९७५ (वि.सं. २०३२) मा प्रजातन्त्रवादी भएको र प्रजातन्त्रवादी विद्यार्थीहरूको आन्दोलनमा समर्थन गरेको आरोपमा विश्वविद्यालय सेवाबाट उहाँलाई बर्खास्त गरियो । यो बर्खास्तीलाई त्रिभुवन विश्वविद्यालयको इतिहासमा एउटा कलंकका रूपमा लिने गरिन्छ । बर्खास्तीपश्चात् कुनै असन्तोष तथा आक्रोश व्यक्त नगरी प्राज्ञिक कार्यमा संलग्न हुनसक्नु उहाँको प्राप्ति हो । सन् १९७५ (वि.सं. २०३२) मा प्राध्यापकबाट निष्कासन गरेकोमा सम्बन्धित पदाधिकारीहरूले कालान्तरमा ठूलो पश्चाताप गरेका र गल्ती भएको स्वीकार गरेका छन् । सन् १९९० (वि.सं. २०४६) को आन्दोलनपश्चात् उहाँको ससम्मान पुनर्बहालीसमेत भएको थियो ।

नेपाल प्राध्यापक संघको इतिहासमा वासुदेवचन्द्र मल्ल कहिल्यै ननिभ्ने दियो हुनुभएको छ । उहाँ त्रिभुवन विश्वविद्यालय कलेजको सन् १९६४ देखि १९६६ सम्म प्राध्यापक संगठनको अध्यक्ष हुनुभयो । सन् १९८१ (वि.सं. २०३८) मा पुनर्गठित नेपाल प्राध्यापक संघको अध्यक्षमा निर्वाचित हुनुभई प्राध्यापकका हकहित र पदीय मर्यादाका लागि पहरेदारका रूपमा आफूलाई उभ्याउनुभयो ।

सन् १९९० (वि.सं. २०४६) को आन्दोलनपश्चात् त्रिभुवन विश्वविद्यालयको उपकुलपतिमा नियुक्त भई संक्रमणकालीन राजनीतिक अवस्थामा विश्वविद्यालयको शाख र गरिमामा कुनै कमी हुन दिनुभएन । सन् १९९१ (विसं २०४८) मा गणतन्त्र चीनका लागि नेपालको राजदूत नियुक्त हुनुहुँदा त्यहीँबाट मंगोलिया र उत्तर कोरियाको पनि दूतावासको कार्यभार निर्वाह गर्नुभयो । सन् १९९४ (वि.सं. २०५१) मा नेपालको राजनीतिमा आएको परिवर्तनले उहाँलाई राजदूतबाट फिर्ता बोलायो । कार्यकाल पूरा नगरी फर्कनुपरेकामा उहाँले कुनै गुनासोसमेत गर्नुभएन । गिरिजाप्रसाद कोइरालाले प्राध्यापक मल्ललाई एक सुयोग्य गुरुका रूपमा टिप्पणी गर्दै '.... उहाँ एक राष्ट्रवादी प्रजातन्त्रवादी व्यक्तित्वका रूपमामात्र होइन एक अनुभवी प्राध्यापक शिक्षाविद् चिन्तक एवं कूटनीतिक क्षेत्रका एक सशक्त व्यक्तित्वका रूपमा पनि सम्झन्छु' भन्नुभएको थियो ।

वासुदेवचन्द्र मल्ल सन् १९७५ मा नेपाल काउन्सिल अफ वर्ल्ड अफियर्सको संस्थापक अध्यक्ष हुनुभयो । यो संस्थालाई नेपालको कूटनीतिक क्षेत्रमा एक अब्बल संस्थाका रूपमा गणना गरिन्छ । यसको श्रेय पनि मल्ल सरलाई नै दिनुपर्ने हुन्छ । यसैगरी प्रजातान्त्रिक विचार समाजका परिकल्पनाकार र संस्थापक अध्यक्ष पनि उहाँ नै हुनुहुन्थ्यो । उक्त संस्था हालसम्म पनि प्रजातन्त्र/लोकतन्त्रको रक्षाका लागि निरन्तर सक्रिय रहेको छ ।

नेपाली कांग्रेसको अन्तर्राष्ट्रिय विभागको सदस्य भई तथा अन्य विभिन्न समितिमा रही कार्यसम्पादन गर्नुभएका प्राध्यापक मल्ललाई कांग्रेसीजनले आफ्ना मार्गदर्शक र सल्लाहकारका रूपमा लिने गर्दथे । चितवनस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको अध्यक्ष भई शैशवकालमा रहेको उक्त अस्पताललाई सर्वसुलभ गुणस्तरीय सेवा दिने संस्थाका रूपमा अघि बढाउन उल्लेख्य कसरत गर्नुभयो । यसैगरी सन् १९६४ देखि १९६६ सम्म नेपाल राष्ट्रिय खेलकुद संघको कोषाध्यक्षको उत्तरदायित्वमा निर्वाह गर्नुभएको भूमिका पनि प्रशंसनीय रहेकै छ ।

नेपाललाई अन्तर्राष्ट्रिय क्षेत्रमा पहिचान गराउने सारथीका रूपमा प्राध्यापक मल्ललाई कूटनीतिज्ञहरूले श्रद्धा गर्ने गरेका छन् । प्राध्यापक मल्लले सन् १९६६ मा संयुक्त राष्ट्रसंघको महासभामा नेपालको प्रतिनिधित्व गर्नुभएको थियो भने चीन, श्रीलंका, जर्मनी, फिनल्यान्ड, अल्जेरियामा सम्पन्न अन्तर्राष्ट्रिय विविध विषयक सम्मेलनमा सहभागी भई नेपालको दृष्टिकोण सशक्तरूपमा प्रवेश गराई मुलुककै नाम समुज्ज्वल गराउनुभएको थियो । पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको भनाइमा '... राजनीतिमा लाग्ने सक्रिय रहने कुरामा पनि उहाँबाट मैले उत्प्रेरणा पाएको छु... देशभक्त कर्तव्यनिष्ठ प्रजातन्त्रप्रति प्रतिबद्धरूपमामात्रै होइन प्रजातन्त्रलाई परिस्कार परिमार्जन गर्दै प्रजातान्त्रिक आदर्शप्रति अविचल प्राध्यापकका रूपमा पाएँ । विद्वानहरू सबै हिम्मतवान् हुँदैनन्, उहाँ हिम्मतिलो विद्वान हुनुहुन्थ्यो ।'

यस्ता महान् व्यक्तित्व १५ अगस्ट १९९७ (२०५४ साउन ३१ गते) शुक्रबार बिहान ५:०० बजे नित्य पूजाआजा गर्दागर्दै भगवान्को प्यारो हुनुभयो । प्राध्यापक मल्लको निधनले एक शिक्षाविद्, प्रजातान्त्रिक योद्धा, समाजसेवी, बौद्धिक जगत्का एक उज्ज्वल नक्षत्रको अस्त भएको टिप्पणी सर्वत्र गरिएको थियो । प्राध्यापक मल्ल नेपाल प्राध्यापक संघका प्रणेता, प्रजातान्त्रिक विचार समाज र नेपाल काउन्सिल अफ वर्ल्ड अफेयर्सका संस्थापक एक समाजसेवी, शिक्षाविद्, कुशल प्रशासक र कूटनीतिज्ञ, राजनीतिक विश्लेषक हुनुहुन्थ्यो ।

उहाँलाई अनुकरणीय प्राध्यापक र मानवताका सरल पात्रका रूपमा नेपाली समाजले लिने गरेको छ । स्वर्गीय मल्लको आदर्श र उहाँले देखाउनुभएको मार्गमा अग्रसर हुने सत् उद्देश्यका साथ वासुदेवचन्द्र मल्ल प्रतिष्ठान २०५४ सालमा नै स्थापना भएको थियो । सो संस्थाले नेपालको शिक्षा, साहित्य, समाजसेवा, प्रशासन, कूटनीतिजस्ता क्षेत्रमा उल्लेख्य योगदान गरेका व्यक्तिलाई सम्मान गर्न प्रत्येक साल श्रावण ३१ गते स्मृतिसभा आयोजना गर्दै आएको छ । यसले वासुदेवचन्द्र मल्लको नाम नेपालको इतिहासमा सदैव स्थापित र अमर भइरहने छ । *रासस*

*(लेखक संस्कृतिविद् हुन्)*

## पाठक मञ्च

# निजी शैक्षिक संस्थाको व्यापारमा सरकारकै साथ !

नेपालको संविधान, २०७२ ले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । शिक्षा व्यापार होइन, सेवा हो । तर, पछिल्लो समय शिक्षालाई व्यापारीकरण गरिएको अवस्था छ । शिक्षा क्षेत्रमा जति ठगी कुनै अर्को क्षेत्रमा छैन । शिक्षा प्रदान गर्ने नाममा अभिभावकबाट मोटो रकम असुलिएको छ ।

शुल्कमा निजी शैक्षिक संस्थाहरूको मनोमानी छ । उनीहरूले आफ्नो मर्जीअनुसार शुल्क निर्धारण गरेका छन् । निजी बोर्डिङमा २५ हजारदेखि एक लाख रूपैयाँ तिरेपछि बल्ल भर्ना हुन्छ । मासिक ५०औं हजारसम्म फिस लिइन्छ । विभिन्न शीर्षकमा पैसा बटुल्ने काम गरिन्छ । कहिले यो त कहिले त्यो भनेर अभिभावकको गोजीबाट पैसा झारिरहन्छन् ।

यता, बालबच्चालाई होस्टल राखेको पनि मनलाग्दी शुल्क छ । शैक्षिक संस्थाहरूले स्टेसनरी सामानहरू आफैं प्रदान गर्न थालेका छन् । स्कुलभित्रै स्टेसनरी सामान बेचिन्छ । जुन बाहिर पसलहरूमा पाउनेभन्दा निकै महँगो छ । स्कुलको पोसाकमा पनि विद्यालयहरूले कमिसन खान्छन् ।

उनीहरूले तोकेकै टेलरमा गएर ड्रेस सिलाउनुपर्ने बाध्यता छ । बस फेयरबारे त सबैलाई जानकारी नै छ । घरबाट स्कुल लैजान र स्कुलबाट घर ल्याउनका लागि मासिक हजारौं रूपैयाँ असुलिन्छ । निजी शैक्षिक संस्थाले वार्षिक करोडदेखि अर्बौंसम्म आम्दानी गर्छन् । तर, राज्यलाई कर तिर्दैनन् ।

यता, विद्यार्थीका अभिभावकहरूलाई भ्याट बिल पनि दिइँदैन । स्कुलमा विद्यार्थी बोक्ने बस निजी प्लेटमा दर्ता भएको हुन्छ । सो बसमा २० देखि ६० लाख रूपैयाँसम्म लगानी गरिएको हुन्छ । सो बसले मासिक लाखौं रूपैयाँ आम्दानी गर्छ । यद्यपि, न लगानीको राजस्व तिर्छन् न आम्दानीको ।

उल्टो स्कुल बसलाई भन्सार र भ्याटमा पूरै छुट दिइएको छ । केपी शर्मा ओली नेतृत्वको पहिलो सरकारमा अर्थमन्त्री भएका डा. युवराज खतिवडाले कर छल्ने स्कुल बसहरूलाई भन्सार र भ्याट छुटको उपहार दिएका हुन् । यता, यी स्कुल बसहरू घरेलु र कम्पनीमा गएर पञ्जीकरण पनि हुँदैन ।

कतिपय निजी शैक्षिक संस्थाहरू सरकारी, गुठी र ऐलानी जग्गामा सञ्चालन भइरहेको छ । हाल मुलुकभर हजारौंको संख्यामा निजी शैक्षिक संस्था खुलेका छन् । निजी शैक्षिक संस्थाप्रति आकर्षण बढ्नुको एउटै कारण-राज्यलाई राजस्व तिर्न नपर्ने र अभिभावकलाई मनलाग्दी लुट्न पाउने भएर हो ।

व्यस्त अभिभावकलाई लक्षित गरी पछिल्लो समय मन्टेश्वरी, डे-केयरहरू खुलिरहेका छन् । ती पनि लुटको एउटा केन्द्र नै हो । निजी शैक्षिक संस्थामा व्यापक श्रम शोषण छ । टिचरहरूलाई आठदेखि १० हजार रूपैयाँमा महिनाभर काम लगाइन्छ । झन् विद्यालयमा सरसफाइ गर्ने, स-साना विद्यार्थीको दिशापिसाब धुनेहरूले त्यति पनि पाउँदैनन् ।

उनीहरू महिनाभर पाँच हजार रूपैयाँमा दलिन्छन् । निजी शैक्षिक संस्थामा प्रिन्सिपल मोटोउने खेलमात्र चलिरहेको छ । प्रिन्सिपल धनी भइरहेका छन्, कर्मचारीलाई केही न केही । मुलुकमा सरकारी विद्यालयहरू पनि छन् । त्यसमा सरकारको ठूलो लगानी छ । तर, सरकारी विद्यालय सिध्याउने श्रेय त्यहीँका शिक्षक शिक्षिकालाई जान्छ ।

सरकारी विद्यालयका शिक्षक शिक्षिकालाई आफैंले पढाएकोप्रति विश्वास छैन । त्यसैले त आफ्नो सन्तानलाई बोर्डिङ स्कुलमा हाल्छन् । सरकारी स्कुल गए गुज्रिएको छ भन्ने छाप सर्वसाधारणमा पारिएको छ । त्यसैले त सरकारी विद्यालय बन्द हुन पुगेका छन् । सरकारी विद्यालयमा पछिल्लो समय विद्यार्थी नै छैनन् ।

एक विद्यार्थी पाँच शिक्षक भनेर समाचारहरू पनि आइरहेको हुन्छ । राजनीतिक दलहरू बरु आफ्नो छोराछोरी निजीमा लगेर हाल्छन् तर सरकारी विद्यालय सुधारमा चासो देखाउँदैनन् । शिक्षकहरूलाई विद्यार्थी पढाएनि नपढाएनि महिना मर्नेबित्तिकै खातामा तलब आइहाल्छ । जसको परिणाम आजको सरकारी विद्यालय बन्यो ।

सरकारी विद्यालय सुधार नहुँदा सबैले आफ्नो सन्तान निजी विद्यालयमा लगेर हालेका छन् । खाइनखाई मासिक मोटो रकम फिस बुझाइरहेका छन् । सरकारी विद्यालयलाई सुधार गरेको भए न शिक्षा व्यापारीकरण हुन्थ्यो न सरकारको लगानी बालुवामा पानी । सबैले समान प्रकृतिको शिक्षा पाउँथे ।

विडम्बना, सरकारी सकाएर निजीलाई उकासियो । र, यसमा राजनीतिक दलहरूको पनि ठूलो हात छ । निजी शैक्षिक संस्था खोल्नेहरू धेरै राजनीतिक दल नै छन् । मुलुकका ठूल्ठूला निजी स्कुल, कलेज उनीहरूकै हो । आफ्नो व्यापारका लागि पनि उनीहरूले सरकारी विद्यालयलाई माथि आउन दिँदैनन् ।

**– योगेन्द्र राई**
**बाँसबारी, काठमाडौं**



**दुबईमा लाखेनाच** | संयुक्त अरब इमिरेट्स (युएई) को बर दुबईमा भएको हलिं नेवाः दबू (वर्ल्ड नेवाः अर्गनाइजेसन) को पाचौं अधिवेशन कार्यक्रममा दुबईस्थित नेपाली कलाकारले प्रस्तुत गरेको लाखे नृत्य । *तस्बिरः रत्न श्रेष्ठ/रासस*

# खोटाङमा डेंगु र स्क्रबटाइफस संक्रमण बढ्दै

**खोटाङ (प्रस)–** खोटाङमा डेंगु तथा स्क्रबटाइफस संक्रमण बढ्दै गएको छ । जिल्ला स्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्यांकअनुसार गत साउन महिनामा मात्रै १२ जनामा डेंगु तथा १४ जनामा स्क्रबटाइफसको संक्रमण देखिएको हो ।

डेंगु र स्क्रबटाइफसको संक्रमण देखिएका बिरामीमध्ये दुई/दुई जनाको जिल्लामा उपचार सम्भव नभएपछि काठमाडौं 'रिफर' गरिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख जीवनप्रसाद चौलागाईंले जानकारी दिए । उनीहरूको स्वास्थ्यमा क्रमिक सुधार भइरहेको छ ।

१० स्थानीय तह रहेको जिल्लामा डेंगु तथा स्क्रबटाइफसको संक्रमण दिनानुदिन वृद्धि हुँदै गएपछि जोखिम बढेको प्रमुख चौलागाईंले बताए । जिल्लाका छ/छ महिला/पुरुषमा डेंगु तथा नौ पुरुष र पाँच महिलामा स्क्रबटाइफसको संक्रमण देखिएको हो ।



डेंगु तथा स्क्रबटाइफसका संक्रमण देखिएका कतिपय बिरामी उपचारपछि घर फर्किएका छन् भने कतिपय उपचाररत रहेको जिल्ला अस्पतालका प्रमुख डा. रूपेश संग्रौलाले जानकारी दिए । 'यो समयमा बर्सेनि डेंगु तथा स्क्रबटाइफसका संक्रमित आउने गरेका छन् । जिल्ला अस्पतालमा जटिल किसिमका बिरामीको उपचार गर्ने व्यवस्था छैन । यो संक्रमणले रगत उत्पादन गर्ने ग्रन्थी 'प्लेटलेट'मा असर गर्छ,' उनले भने, 'डेंगु तथा स्क्रबटाइफसका संक्रमितमात्र नभई अन्य बिरामीको संख्या पनि यहाँ वृद्धि भइरहेको छ । दैनिक १५० देखि २०० सम्म बिरामी आउने गरेका छन् । अस्पतालमा आवश्यक उपकरण र शयया अभाव हुँदा उपचारमा समस्या भएको छ ।'

जिल्लामा डेंगु तथा स्क्रबटाइफसको संक्रमण बढ्दै गएपछि लामखुट्टेको लार्भा खोजी गरी नष्ट गर्न अभियान सञ्चालन गर्ने निर्णय गरिएको छ । स्वास्थ्य कार्यालयले आज दिक्तेलमा आयोजना गरेको सर्वपक्षीय भेलाले जिल्लाका दशवटै स्थानीय तह, सरकारी तथा गैरसरकारी कार्यालय, सार्वजनिकस्थललगायतमा लामखुट्टेको लार्भा खोजी गरी नष्ट गर्न अभियान सञ्चालन गर्ने निर्णय गरेको हो ।

डेंगु लामखुट्टेबाट सर्ने रोग भएकाले त्यसबाट बच्न लामखुट्टेको लार्भा नष्ट गर्नु नै उत्तम उपाय भएको स्वास्थ्यकर्मीहरूले बताएका छन् । डेंगुको संक्रमण भएका व्यक्तिमा आँखाको पछाडि (भित्री) भाग दुख्नु, वाकवाकी लाग्नु, मांसपेशी, हड्डी तथा जोर्नी दुख्नु, शरीरका ग्रन्थीहरू सुन्निनु, छाला रातो हुनाका साथै छालामा डाबर आउनुजस्ता लक्षण देखिन्छ ।

डेंगु रोगको संक्रमण नियन्त्रण गर्न खास उपचार नभएकाले आफैं सचेत रहनुपर्ने स्वास्थ्यकर्मीले बताएका छन् । यो रोगको संक्रमण भएमा प्रशस्त पानी र तरल पदार्थ पिउन, सकेसम्म धेरै आराम गर्न, ज्वरो नियन्त्रण गर्नका लागि सिटामोल प्रयोग गर्न स्वास्थ्यकर्मीको सुझाव छ ।

स्क्रबटाइफसको संक्रमणले टाउको दुख्ने, ज्वरो आउने, हातखुट्टा र शरीर दुख्नेजस्ता भाइरल ज्वरोसँग मिल्दोजुल्दो लक्षण देखिने जनाइएको छ । माइट (कीरो) को टोकाइबाट सर्ने यो रोगको उपचारमा ढिला भए जोखिम हुने स्वास्थ्यकर्मीहरूले बताएका छन् ।

# बेनी प्रदेश अस्पतालको नयाँ भवनबाट अन्तरंग र बहिरंग सेवा

**म्याग्दी–** प्रदेश अस्पताल बेनीले अन्तरंग र बहिरंग विभागको सेवा नयाँ भवनबाट थालिएको छ । करिब आठ वर्ष अस्थायी भवनको साँघुरा भवनका कोठाबाट सञ्चालन हुँदै आएको उपचारकक्ष नयाँ भवनमा स्थानान्तरण भएपछि बिरामीको उपचार सहज भएको छ ।

प्रदेश अस्पतालका प्रमुख डा. रविरञ्जन प्रधानले नयाँ भवनको भुइँतलामा बहिरंग र पहिलो तलामा अन्तरंग सेवा सञ्चालन गरेको जानकारी दिए । 'पुराना र अस्थायी भवनका साँघुरा कोठामा बिरामीलाई कठिन र स्वास्थ्यकर्मी तथा चिकित्सकलाई अप्ठ्यारो पर्नु स्वाभाविक थियो,' उनले भने, 'व्यवस्थापकीय चुनौतीलाई चिर्दै शल्यक्रिया, प्रसूति र फार्मेसी कक्षलाई पनि नयाँ भवनमा सार्ने तयारीमा छौं ।'

अस्पताल व्यवस्थापन समितिमार्फत भवन निर्माण गर्ने कार्यालय र निर्माण व्यवसायीसँग समन्वय गरेर नयाँ भवनमा सेवा सञ्चालन गर्न उपसमिति गठन गरेर पहल गरिएको प्रमुख डा. प्रधानले बताए । ज्येष्ठ नागरिक, बालबालिका, महिला, पुरुष र शल्यक्रिया गरेका बिरामीका लागि छुट्टाछुट्टै उपचारकक्षको व्यवस्था गरिएको छ । अन्नपूर्ण गाउँपालिका-१ दोवाका अमृत गर्बुजाले नयाँ भवनमा सेवा पाउँदा सहज भएको बताए ।



वि.सं. २०७२ मा १५ बाट ५० शय्यामा स्तरोन्नति भएको बेनी अस्पताल विस्तारित क्षमताअनुसारको भवन निर्माणमा ढिलाइ हुँदा सेवा प्रवाहमा समस्या भएको थियो । पक्की भवन बनाउनका लागि २०७४ सालमा पुरानो बहिरंग विभागको भवन भत्काएपछि अस्थायी भवन बनाएर सेवा सञ्चालन गरिएको थियो ।

तीनवटामध्ये प्रयोग गर्न मिल्ने भएको एउटा भवनलाई प्रयोगमा ल्याएको र बाँकी भवनलाई पूर्णता दिन ताकेता गरिएको अस्पताल व्यवस्थापन समितिका अध्यक्षसमेत रहेकी जिल्ला समन्वय समितिकी कार्यवाहक प्रमुख डिलकुमारी खत्रीले जानकारी दिइन् ।

सघन सहरी तथा भवन निर्माण आयोजना बागलुङले अस्पताल भवन निर्माणका लागि निर्माण कम्पनी र सहरी विकास तथा भवन आयोजना बागलुङसँग २०७३ मंसिर २१ गते सम्झौता भएको थियो । १८ करोड ८४ लाख आठ हजार ८९ मा ठेक्का सम्झौता भएको योजना लक्ष्यअनुसार २०७६ मंसिर २० गते सम्पन्न हुनुपर्ने थियो । पञ्चानब्बे प्रतिशत भौतिक प्रगति भएको बेनी अस्पतालको भवन निर्माण यही भदौभित्र सम्पन्न गरी हस्तान्तरण गर्ने लक्ष्य रहेको आयोजना प्रमुख कृष्णकुमार महर्जनले बताए ।

चार हजार ९६३ वर्गमिटर क्षेत्रफलमा निर्माण गरिएको चारतले तीनवटामध्ये दुईवटा भवनको भित्री भाग प्लास्टर र रङरोगन गर्न, विद्युत्, पानी जडान गर्न, झ्यालढोका र टायल राख्ने काम अन्तिम चरणमा पुगेको छ । अस्पताल प्रवेश गर्ने र बाहिरिने ५०० मिटर सडक प्रिमिक्स कालोपत्र गरिएको छ ।

भूकम्प प्रतिरोधी क्षमताको भवन अपांगतामैत्री छ । भवनको भुइँतलामा लोण्डरी, मोर्टुअरी, किचन, पहिलो तलामा आकस्मिक, प्रयोगशाला, रेडियोलोजी, पहिलो तलामा शल्यक्रिया कक्ष, बहिरंग सेवा र अन्तिम तलामा प्रशासन रहने जनाइएको छ । *रासस*

प्रादेशिक अस्पताल सिरहामा बिरामीको चाप

# 'डायलाइसिस' सेवा लिन पालो पर्खिनुपर्ने बाध्यता

**सिरहा–** प्रादेशिक अस्पताल सिरहामा डायलाइसिस सेवा लिनका लागि बिरामीको चाप अत्यधिक बढेको छ । अस्पतालले विगत तीनवर्षदेखि सो सेवा सञ्चालन गर्दै आएको छ । बिरामीको चाप बढेसँगै सेवा विस्तारका लागि स्रोत साधनको अभाव देखिएको छ ।

अस्पतालमा हाल १० डायलाइसिस उपकरणमार्फत सेवा दिइँदै आएको छ । अस्पताल प्रमुख डा. सुनिलप्रसाद कुशवाहाका अनुसार दैनिक १० जना बिरामीले सेवा लिइरहेका भएता पनि अन्य कम्तीमा २० जना बिरामी दिनहुँ पालो पर्खिरहेका हुन्छन् । 'मिर्गौला प्रत्यारोपण सम्भव नभएको अवस्थामा डायलाइसिस नै एकमात्र अस्थायी समाधान हो । तर बिरामीको चापले गर्दा उपचारका क्रममा कोही बिरामीको मृत्यु भएपछि मात्र नयाँ बिरामीलाई पालो मिल्ने अवस्था छ,' उनले भने ।

यस अस्पतालमा निःशुल्क डायलाइसिस सेवा दिइँदै आएको छ । निजी क्षेत्र वा अस्पताल बाहिर एक सत्रको डायलाइसिस सेवा सात हजार रूपैयाँसम्म पर्न सक्ने हुँदा आर्थिकरूपमा कमजोर बिरामीका लागि सिरहा अस्पताल भरोसाको केन्द्र बनेको छ ।

यद्यपि, सेवा प्रभावकारी भए पनि अस्पतालले ९८ प्रकारका आवश्यक औषधिको अभाव, रगत अभाव र उपकरण अभाव झेलिरहेको छ । डा. कुशवाहाका अनुसार मधेस प्रदेश सरकारले करोडौं मूल्यका उपकरण उपलब्ध गराए पनि अझै पनि डायलाइसिस सेवा सुदृढ बनाउन करोडौं मूल्यका उपकरणको अभाव छ ।

हालको उपकरणको संख्या बिरामीको संख्या तुलनामा अपुग भएको र बिरामीलाई गुणस्तरीय सेवा दिन थप मेसिन, जनशक्ति र औषधि आपूर्ति आवश्यक भएको अस्पताल प्रशासनले बताएको छ । *रासस*

# बिक्न छाडे सारंगी, सुनिन छाड्यो धुन

**घोराही (दाङ)–** पछिल्लो समय सारंगी बजाएर जीविकोपार्जन गर्ने गन्धर्व समुदायको संख्या घट्दै गएको छ । नयाँ पुस्तामा सारंगी बाजाप्रति रुचि नभएका कारण यसको संख्या घट्दै गएको हो । गाउँमा सारंगी बाजा बजाउने मानिस नहुँदा बनाएका सारंगी बिक्रीमा पनि समस्या भइरहेको घोराही उपमहानगरपालिका-११ नयाँ बस्ती निवासी डाइवर गन्धर्व बताउँछन् ।

करिब तीन दशकभन्दा बढी समयदेखि सारंगी बाजा बनाउँदै आएका डाइवर पछिल्लो समय आफ्नो पेसा संकटमा परेको बताउँछन् । सारंगी बजाउने मानिस कम हुँदै जाँदा बिक्री पनि हुन छाडेको भन्दै उनले भने, 'पहिले सारंगी बिक्ने हुँदा राम्रै आम्दानी हुन्थ्यो, तर अहिले सारंगी बिक्नै छाडिसकेको छ । बनाउने काममात्र होइन, अब त कोठामा सजाएर राख्ने काममात्र भएको छ ।'



डाइवर गन्धर्वका अनुसार समय परिवर्तनसँगै गन्धर्वहरूले गीत गाउन र सारंगी बजाउन छाड्दै जाँदा यो पेसा नै ओरालो लागेको छ । पहिलेजस्तै सबैले गीत गाउने र सारंगी बनाउने गरे त राम्रै हुन्थ्यो होला तर अहिले गाउँमा सारंगी बजाउन जान्ने सीमित मानिसमात्र छन् । गाउँमा सारंगी बजाउने मानिस नहुँदा बिक्री पनि हुन छाडेको उनले बताए । गाउँमा सारंगी बजाउने कोही भए पो बनाएका सारंगी बिक्थे । अहिले बजाउने मान्छे नै छैनन्, त्यही भएर बिक्री पनि हुँदैनन् । बनाएका नबिक्दा थप नयाँ बनाउन पनि मन लाग्दैन । पहिले महिनामा सात-आठवटा सारंगी बिक्री हुने गरे पनि अहिले दुई-तीन जतिमात्र बिक्री हुने गरेको बताउँछन् ।

त्यसैगरी, सारंगी बनाउने कलामात्र संकटमा परेको होइन, आवश्यक सामग्रीको अभाव पनि मुख्य समस्या बनेको छ । सारंगी बनाउन राम्रो काठ चाहिने भए पनि पछिल्लो समय खमारी पाउनै समस्या भएको उनी बताउँछन् । जिल्लामै सारंगी बनाउने आफूमात्र भएको भन्दै उनले भने, 'आफ्नो मौलिक बाजा बजाउन र बनाउन नयाँ पुस्ताले चासो नदिने हो भने सारंगी बनाउन काठमात्र होइन, आफ्नो पहिचान नै हराउने जोखिम छ ।'

सामुदायिक वनका कारण जंगलमा जान नपाइने र चिनेका काष्ठ उद्योगबाट खमारी काठ ल्याएर सारंगी बनाउने गरेको उनी बताउँछन् । उनका अनुसार साना आकारका सारंगी चार हजार रूपैयाँदेखि पाँच हजार रूपैयाँसम्ममा बिक्री हुने गरेका छन् भने ठूला र आकर्षक डिजाइनका सारंगी नौदेखि १० हजार रूपैयाँसम्ममा बिक्री हुने गरेको डाइवर बताउँछन् ।

सारंगीको महत्त्व र संरक्षण घट्दै जाँदा सारंगी बजाएरै जीविका चलाउनेलाई चिन्ता लाग्न थालेको छ । सारंगी बाजाको संरक्षण गर्दै, यसलाई व्यावसायिक बनाउन सके, कला संस्कृतिको संरक्षण र रोजगारीको अवसर सिर्जना हुने गन्धर्व समुदायका मानिस बताउँछन् । *रासस*

साउदीमा रोजगार
कम्पनी : RAMLET NAJD SERVES BEVERAGES EST
पूर्व स्वीकृति मिति : २०८२/04/२९ | LT. No. 329255 | चलानी नं. ६०२४३२६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter (General) | 1 | 0 | 1200 | ४४७३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ८ गते (24th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKY BLUE H.R. SOLUTION PVT.LTD
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, 9802358961/65,
Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com

युएइमा रोजगार
कम्पनी : JUMBO MANPOWER SERVICES L.L.C
पूर्व स्वीकृति मिति : २०८२/04/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/05/01 | LT. No. 328757 | चलानी नं. ६०२४२५७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ORDERS PICKERS | 80 | 0 | 1800 | ६८,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः रुपन्देही, बुट्वल, तिलोत्तमा-१, ड्राइभर चोकमा मितिः २०८२ भदौ २ गते (18th Aug. 2025) मा हुनेछ । ९७६८८४३५१९
झापा, बिर्तामोडमा मितिः २०८२ भदौ ३ गते (19th Aug. 2025) मा हुनेछ । ९७०५६३५३३३
संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ४ गते (20th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000446/9705000447/9705000448
9705000449/9705000450/9705000451/9705000452 E-mail : infogreatnepalhr@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081

युएइमा रोजगार
कम्पनी : HOLIDAY INN EXPRESS - DUBAI SAFA PARK
पूर्व स्वीकृति मिति : २०८२/05/01 | LT. No. 329465 | चलानी नं. ६०२४३३००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commis Kitchen | 10 | 0 | 1200 | ४५,७०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Housekeeping Attendant | 20 | 10 | 1000 | ३८,०८४ | | | | | | | |
| 3 | Steward | 20 | 0 | 1000 | ३८,०८४ | | | | | | | |
| 4 | Waiter | 10 | 0 | 1200 | ४५,७०१ | | | | | | | |
| 5 | Waitress | 0 | 10 | 1200 | ४५,७०१ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ ९ गते (25th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

B.J. OVERSEAS PVT. LTD.
New Plaza, Putalisadak, Kathmandu Nepal, Tel No. 01-4538698/4530905, For grievance: 9812233444
For demand/inquiry - 9828770376, 9841497909, E-mail : bjoverseaspvtltd@gmail.com, Web: www.bj.com.np
श्रम ईजाजत नं. ४५२/०६०/०६१

# प्रभाव दैनिक


रूपशाला

## पूर्वेली भाकामा 'म्याङ्लुङ बजार'

गायक प्रेम सेनले नयाँ गीत 'म्याङ्लुङ बजार' ल्याएका छन् । गायिका सुनिता थेगिमसँग गायनमा सहकार्य गरी उनले उक्त गीतको म्युजिक भिडियो सार्वजनिक गरेका हुन् । पूर्वेली भाकाको यो गीतले पहाडी जिल्ला तेह्रथुम सदरमुकाम म्याङ्लुङ बजारलाई सम्झाउँदै मायाप्रेम दर्शाउँछ । प्रेमभावको यो गीतमा गीतमा गायक प्रेमकै शब्द तथा संगीत छ । भिडियोमा गायक-गायिका स्वयं फिचर्ड छन् ।






# चौथो म्युजिक खबर 'तीज म्यूजिक अवार्ड' को मनोनयन सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** चौथो म्युजिक खबर 'तीज म्युजिक अवार्ड-२०८२' को उत्कृष्ट पाँचको मनोनयन सार्वजनिक भएको छ । आर्टिस्ट अफ नेपाल डटकमको प्रस्तुति एवं शुभकामना मिडिया सोलुसनको आयोजनामा विगत चार वर्षदेखि हुँदै आएको अवार्डका लागि यो संस्करणमा विभिन्न २१ विधामा उत्कृष्ट पाँचको मनोनयन सार्वजनिक गरिएको हो ।

आयोजकका अनुसार २०८२ सालमा बजारमा आएका तीजका गीतहरूलाई समावेश गरी अवार्ड आयोजना गरिएको हो । अवार्डमा सर्वोत्कृष्ट मिक्सिङ, संगीत संयोजक, नवप्रतिभा, मोडल, निर्देशक, कोरियोग्राफर, छायाँकार, सम्पादक, गायक, गायिका, संयुक्त गायनलगायतका तीज दोहोरी र तीज मौलिक गीतका २१ विधाको सर्वोत्कृष्ट पाँच सार्वजनिक गरिएको अवार्ड आयोजक संस्थाकी अध्यक्ष सविता पोखरेलले जानकारी दिइन् । सर्वोत्कृष्ट पाँचमा मनोनयनमा परेकामध्येबाट एक जनाले अवार्ड हात पार्ने छन् ।

अवार्डका कार्यक्रममा विभिन्न विधामा सक्रिय रहेका महिला दिदीबहिनीहरूलाई सम्मानसमेत गरिने जनाइएको छ । त्रिरत्न नारी सम्मान, कलापत्रकारिता सम्मान, कला सम्मान, व्यवसायी सम्मान, शिक्षासेवी सम्मान, स्वास्थ्यकर्मी सम्मान, सामाजिक सम्मानलगायतका विविध विधाका नारीहरूलाई समेत सम्मान प्रदान गरिने बताइएको छ । अवार्ड यही भदौ ५ गते वितरण गरिने आयोजकको भनाइ छ । अवार्डमा ५० प्रतिशत निर्णायकको मत, ४० प्रतिशत भोटिङ र १० प्रतिशत आयोजकको मतलाई लिएर सर्वोत्कृष्ट घोषणा गरिने जानकारी दिइएको छ ।



रंगशाला

# 'पिपुल्स च्वाइस'तर्फ पाँच खेलाडी मनोनयनमा


## पिपुल्स च्वाइस मनोनयन पर्ने खेलाडी

### विजय सिञ्जाली (उसु)



विजयले जापानको योकोहामामा सम्पन्न तेस्रो थाउलु विश्वकपमा कांस्य पदक जितेका थिए । त्यसैगरी साउदी अरेबियाको रियादमा भएको विश्व कम्ब्याट च्याम्पियनसिपमा कास्य, चीनमा सम्पन्न दुई अन्तर्राष्ट्रिय आमन्त्रण उसु च्याम्पियनसिपमा तुइलेन विधामा तेस्रो स्थान र जियान्सु विधामा आठभित्र पर्न सफल भएका थिए ।

### हिमाल सोनारी (भलिबल)



हिमालले पाँचौं टाइगर कप भलिबल च्याम्पियनसिपका उपविजेता टोलीका सदस्य, तेस्रो टाइगर कप भलिबलमा च्याम्पियन गण्डकी प्रदेश टोलीका महत्त्वपूर्ण सदस्य हुन् ।

### इभाना थापा (टेबलटेनिस)



इभानाले दक्षिण एसियाली टेबलटेनिसमा चार पदक एकलमा तेस्रो, गर्ल्स डबल्समा दोस्रो, गर्ल्स टिममा दोस्रो, मिक्स डबल्समा तेस्रो हुँदै पदक जित्न सफल भएकी थिइन् । त्यस्तै २७औं एसियाली टेबलटेनिस च्याम्पियनसिपमा काजकिस्तानविरूद्धको खेल जित्न सफल इभानाले ओलम्पिक क्वालिफायरमा सेमिफाइनलसम्म पुगेकी थिइन् ।

### पूजा महतो (क्रिकेट)



पूजा आइसिसी यु-१९ महिला विश्वकप क्रिकेटमा एसिया छनोटमा च्याम्पियन भएर यु-१९ विश्वकपमा खेल्ने टोलीकी कप्तान हुन् । पहिलोपल्ट विश्वकप खेलेका नेपाली टोलीका लागि छनोटमा ब्याट र बल दुवैबाट उत्कृष्ट प्रदर्शन दिन सफल खेलाडी पूजा शतक बनाउने महिला खेलाडीसमेत हुन् । त्यसैगरी उनी एसिसी महिला यु-१९ एसिया कपमा नेपालले पाकिस्तानलाई छ विकेटले हराएर इतिहास बनाउँदा उत्कृष्ट प्रदर्शन गर्न सफल खेलाडी हुन् ।

### रेखा पौडेल (फुटबल)



रेखा एएफसी महिला च्याम्पियन्स लिग खेल्ने नेपालकी पहिलो खेलाडी हुन् । युएईको अबुधाबी कन्ट्री क्लबमा आबद्ध भई डेब्युमै लाओसको योङ एलिफेन्ट्सविरूद्ध निर्णायक गोल गर्न सफल खेलाडी रेखाले वैकल्पिक खेलाडीका रूपमा खेल्दै साउदी अरेबियाको अल नासरविरूद्धको १-० को जितमा निर्णायक गोल गरेकी थिइन् ।

रेखा साफ महिला च्याम्पियनसिप २०२४ मा सात गोलसहित सर्वाधिक गोलकर्ता बन्न सफल खेलाडी हुन् । उनले माल्दिभ्सविरूद्ध एक्लैले पाँच गोल तथा श्रीलंकाविरूद्ध दुई गोल गरेकी थिइन् ।

■ प्रभाव संवाददाता

**काठमाडौं–** बाइसौं संस्करणको 'एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड २०८१ अन्तर्गत पिपुल्स च्वाइस विधाका पाँच खेलाडीको मनोनयन सार्वजनिक गरिएको छ । नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) द्वारा आइतबार यहाँ आयोजित पत्रकार सम्मेलनमा उसुका विजय सिञ्जाली, टेबलटेनिसकी इभाना थापा, भलिबलका हिमाल सुनारी, क्रिकेटकी पूजा महतो र फुटबलकी रेखा पौडेल मनोनयनमा परेको जानकारी दिइयो ।

त्यस्तै नेपाल खेलकुद पत्रकार मञ्च र विद्युतीय भुक्तानी सेवाप्रदायक कम्पनी आइएमई खल्तीबीच भोटिङ पार्टनरका रूपमा प्रायोजन सम्झौता पनि भएको थियो । नेपाल खेलकुद पत्रकार मञ्चका अध्यक्ष निरञ्जन अधिकारी र आइएमई खल्तीका चिफ कमर्सियल अफिसर आशिस गौतमले सम्झौतापत्रमा हस्ताक्षर गरे ।

मनोनयनमा परेकी रेखाले पिपुल्स च्वाइसको मनोनयनमा पर्दा एकदम खुसी लागेको र आफ्नो एक सपना पूरा भएको बताइन् । यसैगरी उसु विधाका खेलाडी विजयले उसु खेल अन्य खेलजस्तै लोकप्रिय नभए पनि आफूले यस खेललाई चर्चित बनाइराख्न मिहेनत गरिरहेको बताए । पिपुल्स च्वाइस विधाका विजेता चयन आयोजक मञ्चसँग आबद्ध खेल पत्रकार, विभिन्न खेलका राष्ट्रिय प्रशिक्षक, सामाजिक सञ्जालका समर्थक र डिजिटल वालेट आइएमई खल्तीमा प्राप्त मतका आधारमा हुने छ ।

पचास प्रतिशत मतभार रहने डिजिटल वालेट आइएमई खल्तीमा भोटिङ आइतबारबाट नै सुरु भइसकेको आयोजको भनाइ छ । यसैगरी सामाजिक सञ्जाल फेसबुक मतभार २५ प्रतिशत (एनएसजेएफ पल्सर स्पोर्टस अवार्डको आधिकारिक फेसबुक पेज र पल्सर नेपालको आधिकारिक पेजबाट गर्नुपर्ने छ), नेपाल ओलम्पिक कमिटीमा आबद्ध राष्ट्रिय खेल संघका मुख्य प्रशिक्षकको मतभार १२.५ प्रतिशत र नेपाल खेलकुद पत्रकार (मञ्च) का सदस्यको मतभार १२.५ प्रतिशत रहने छ ।

यो विधाका विजेताले पल्सर मोटरबाइक जित्ने छ । गत वर्ष सर्वाधिक मत ल्याएर पिपुल्स च्वाइसको अवार्ड भलिबलकी कविता भट्टले जितेकी थिइन् । एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड २०८१ मा कूल १० विधामा अवार्ड प्रदान गरिने छ । जसमा पिपुल्स च्वाइससँगै वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, युवा वर्ष खेलाडी, वर्ष प्रशिक्षक, पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड, टिम अफ द इयर र एसियन स्पोर्ट्स जर्नालिस्ट अवार्ड रहेका छन् । पल्सर स्पोर्टस् अवार्ड यही भदौ २९ गते पोखरामा हुँदै छ ।


**कुवेतमा रोजगार** कम्पनी : COMBINED GROUP CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०१/२३ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०१ LT. No. 323148 चलानी नं. ६०२३७१७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dumb Truck Driver | 16 | 0 | 160 | ७३,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Backhoe Operator | 4 | 0 | 200 | ९१,६३५ | | | | | | | |
| 3 | Crane Operator | 5 | 0 | 200 | ९१,६३५ | | | | | | | |
| 4 | Operator/babcat/fork/boom Rigger | 7 | 0 | 200 | ९१,६३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ९ गते (25th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Swift Gurkha International Pvt. Ltd.
श्रम ईजाजत नं. ५५९/०६२/०६३
Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534

**साइप्रसमा रोजगार** कम्पनी : CONSTANTIN ELENA PIRILLOU- LICENSE 363 शहर : NICOSIA

पूर्व स्वीकृति मिति : २०८१/१२/१९ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०१ LT. No. 321434 चलानी नं. ६०२३५५३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब EUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bartender | 3 | 2 | 900 | १४७,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Housekeeper | 3 | 3 | 900 | १४७,१७० | | | | | | | |
| 3 | Kitchen Worker | 7 | 2 | 900 | १४७,१७० | | | | | | | |
| 4 | Waiter/waitress | 3 | 2 | 900 | १४७,१७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: हिल्टन ऐकेडेमी अफ होटल म्यानेजमेन्ट एण्ड कलिनरी आर्टस्, बसुन्धारा, काठमाडौंमा मिति: २०८२ भदौ १५ गते (31st Aug. 2025) मा हुनेछ । होटल आनन्द, काठमाडौंमा मिति: २०८२ भदौ १६ गते (1st Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


SUNDAR NEPAL OVERSEAS PVT. LTD.
Sinamangal-9, Kathmandu, Tel: 01-4578460, Contact: 9860480301, 9841566228, 9851170602, Email: sundarnpo@gmail.com
LIC No. 1484/074/75

**साउदीमा रोजगार** कम्पनी : COMPANY NEFHAT AL QAHWA FOR BEVERAGES

पूर्व स्वीकृति मिति : २०८२/०४/२९ LT. No. 329252 चलानी नं. ६०२४३२५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | food & beverage (restaurant) | 4 | 0 | 1200 | ४४,७३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ९ गते (25th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम ईजाजत नं. १२०८/०७३/०७४

**साउदीमा रोजगार** कम्पनी : QAFIA BEVERAGE ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०४/३० LT. No. 329403 चलानी नं. ६०२४३२७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 3 | 0 | 1400 | ५२,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ९ गते (25th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


OM OVERSEAS EMPLOYMENT PVT.LTD
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 980102050,
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

**युएईमा रोजगार** कम्पनी : SELECTIVE MANPOWER SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/०५/०१ LT. No. 329459 चलानी नं. ६०२४३२७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 100 | 0 | 1000 | ३८,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ९ गते (25th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


YOUNG MANPOWER PVT.LTD.
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np/
Govt. License No. 1047/073/74

**युएईमा रोजगार** कम्पनी : LABOR LINK GENERAL CONTRACTING - L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०५/०१ LT. No. 329476 चलानी नं. ६०२४३२८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scafolder | 20 | 0 | 1500 | ५७,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MORNING FLOWER TAILORING & EMBROIDERY L L C

पूर्व स्वीकृति मिति : २०८२/०५/०१ LT. No. 329478 चलानी नं. ६०२४३२८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Tailor | 3 | 0 | 1500 | ५७,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ९ गते (25th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


MANPOWER SCAN PVT. LTD.
Govt. License No. 1609/079/080
Sahitya Marga, Behind Dwarika Hotel, Gaushala-09, Kathmandu, Nepal, Nepal, Tel: 015915369, 5914369
E-mail : info@manpowerscan.com.np, Web: www.manpowerscan.com.np



इण्डोनेसियाको ८०औं स्वतन्त्रता दिवस मनाउन जकार्तास्थित मर्देका दरबारमा आइतबार आयोजित समारोहमा उडाइएका परेवाहरू ।
*तस्बिर: एएफपी*

# इजरायलमा युद्धविराम र बन्धक मुक्तिको माग गर्दै प्रदर्शनकारीहरूको हड्ताल

**जेरुसेलम–** गाजामा हमास लडाकुहरूले बन्धक बनाएर राखेका व्यक्तिहरूको रिहाइको मागसहित इजरायलमा आइतबार प्रदर्शनकारीहरूले हड्ताल गरेका छन् । हड्तालका कारण यातायात अवरुद्ध भए भने र धेरै व्यवसाय तथा कार्यालयहरू पनि बन्द भए ।

यस हड्तालले केही हप्ताअघि लडाकुहरूले बन्धकहरूको भिडियो सार्वजनिक गरेको र इजरायलले नयाँ आक्रमणको संकेत दिएको परिस्थितिलाई झन् तताएको छ । प्रदर्शनकारीहरूले गाजामा रहेका ५० जना बन्धक थप युद्धका कारण जोखिममा पर्नसक्ने बताएका छन् । अनुमानअनुसार तिनीहरूमध्ये करिब २० जनामात्र जीवित छन् ।

'हामी बन्धकहरूको शवमाथि युद्ध जित्न सक्दैनौं,' भन्ने नारा लगाउँदै उनीहरूले सम्झौताको माग गरेका छन् । बन्धक तथा बेपत्ता परिवार फोरमद्वारा आयोजित कार्यक्रममा सहभागी आमा अनात एंग्रेस्टले भने, 'आज हामी सबै कुरा रोक्छौं, दायाँ, बायाँ वा केन्द्र जहाँसुकै भए पनि जीवनको मूल्य सम्झन र बन्धकहरूलाई फर्काउन ।'

हालैको कदमले सरकारलाई दबाबमा पारे पनि प्रधानमन्त्री बेन्जामिन नेतान्याहु अति-दक्षिणपन्थी सहकर्मीहरूको विरोधसँगै संवेदनशील सन्तुलनमा छन् । उनका कट्टर सहयोगीहरूले हमासलाई सत्तामा रहन दिने कुनै पनि सम्झौताको समर्थन नगर्ने चेतावनी दिएका छन् । यसबीच, अर्थमन्त्री बेजलेल स्मोट्रिचले हड्काललाई 'हानिकारक अभियान' भन्दै आलोचना गरेका छन् । उनका अनुसार, यसले हमासलाई फाइदा पुऱ्याउने छ र इजरायललाई आफ्ना सत्रुहरूसमक्ष कमजोर बनाउने छ ।




### यमनमा इजरायली हवाई आक्रमण

त्यही दिन इजरायली सेनाले यमनमा इरान-समर्थित हुथीहरूलाई लक्ष्य बनाउँदै राजधानी साना नजिक पावर प्लाण्टमाथि आक्रमण गरेको छ । यस आक्रमणलाई इजरायलले आफ्नो भूमिमा हुथीहरूद्वारा प्रक्षेपित मिसाइल र ड्रोनको जवाफ भनेर व्याख्या गरेको छ ।

### गाजामा नयाँ विस्थापन आदेशअघि तयारी

गाजामा मानवीय अवस्थालाई लिएर संयुक्त राष्ट्रसंघले चेतावनी दिइरहेको बेला इजरायलले युद्धप्रभावित क्षेत्रहरूबाट जबर जस्ती मानिसहरूलाई हटाउन तयारी थालेको छ । यसका लागि आइतबार गाजामा थप पाल र आश्रय सामग्री पठाइएको बताइएको छ । गाजामा युद्ध सुरु भएदेखि १०औं हजार मानिसको मृत्यु भइसकेको छ भने अधिकांश जनसंख्या विस्थापित भएका छन् । संयुक्त राष्ट्रसंघका अनुसार त्यहाँ अहिले भोकमरी र कुपोषणको स्तर सबैभन्दा उच्च अवस्थामा पुगेको छ ।

सन् २०२३ मा हमासद्वारा गरिएको आक्रमणमा करिब एक हजार २०० इजरायली मारिएका थिए । त्यसपछि इजरायलको आक्रमणमा गाजामा करिब ६२ हजार मानिस मारिएको स्वास्थ्य मन्त्रालयको तथ्यांक छ । तीमध्ये करिब आधा महिला र बालबालिका छन् । यो मन्त्रालय हमासद्वारा सञ्चालित भए पनि, संयुक्त राष्ट्रसंघ र स्वतन्त्र विज्ञहरूले यसलाई सबैभन्दा भरपर्दो स्रोत मान्ने गरेका छन् । *रासस⁄एपी*

# गाजामा इजरायली आक्रमण, ४० जनाको मृत्यु

**गाजा पट्टी–** गाजाको नागरिक सुरक्षा एजेन्सीले शनिबार भएको इजरायली आक्रमणमा कम्तीमा ४० जनाको मृत्यु भएको जनाएको छ । यो घटनालाई इजरायली सेनाले गाजा सहर कब्जा गर्ने योजनाअघि गरिएको ठूलो आक्रमणको संकेतका रूपमा हेरिएको छ । बाइस महिनादेखि चलिरहेको युद्धले गम्भीर मानवीय संकट निम्त्याइरहेका बेला इजरायलले गाजा सहर कब्जा गर्ने निर्णय एक हप्ताअघि मात्र गरेको थियो । त्यसअन्तर्गत सेनाले आइतबारदेखि गाजामा थप पाल र आश्रय सामग्री पठाउने बताइएको छ ।

हमासले भने यस कदमलाई 'गाजा सहर कब्जा गर्ने क्रुर योजनाको हिस्सा' भन्दै कडा विरोध गरेको छ । गाजाका नागरिक सुरक्षा प्रवक्ता महमुद बासलका अनुसार गाजा सहरको जितुन क्षेत्र अत्यन्तै खराब अवस्थामा पुगेको छ । त्यहाँ करिब ५० हजार मानिस रहेका र तिनीहरू मध्ये धेरै जना खाना, पानी र अन्य आधारभूत आवश्यकताबाट वञ्चित भएको उनले बताए ।

हालैका दिनमा गाजा सहरका आवासीय क्षेत्रहरूमा निरन्तर हवाई आक्रमण भएको स्थानीयवासीहरूले बताएका छन् । सेनाले भने आफ्नो कारबाही अन्तर्राष्ट्रिय कानुनअनुसार भएको दाबी गर्दै नागरिक क्षति कम गर्न प्रतिबद्ध रहेको जनाएको छ । एक स्थानीय बासिन्दा घसन कास्कोले भने, 'हामीलाई निद्राको स्वाद थाहा छैन । विष्फोट र बमबारी कहिल्यै रोकिन्न ।' संयुक्त राष्ट्रसंघ समर्थित विज्ञहरूले इजरायलले मानवीय सहायतामा कटौती गरेकाले यस क्षेत्रमा ठूलो अनिकालको खतरा रहेको चेतावनी दिएका छन् । शनिबारमात्र गाजामा सहायता वितरण स्थल नजिकै सेनाले गोली चलाउँदा खाना लिन लाइनमा उभिएका १३ जना प्यालेस्टिनीको ज्यान गएको बताइएको छ ।

सन् २०२३ अक्टोबरमा हमासले इजरायलमा गरेको आक्रमणपछि सुरु भएको यस युद्धमा हालसम्म एक हजार २१९ इजरायलीको ज्यान गएको छ । गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायली आक्रमणका कारण ६१ हजारभन्दाबढीप्यालेस्टिनीमारिएका छन् । *रासस⁄एएफपी*

# पाकिस्तानमा पर्वतारोहण अभियान नरोकिने

**पेशावर (पाकिस्तान)–** हालै पर्वतारोहणका क्रममा विदेशी पर्वतारोहीहरूको मृत्यु भए पनि पाकिस्तानले उत्तरका पहाडहरूमा पर्वतारोहण अभियानमा कुनै प्रतिबन्ध लगाउने वा चेतावनी जारी गर्ने योजना नराखेको सरकारी अधिकारीहरूले बताएका छन् ।

गिलगिट-बाल्टिस्तान सरकारका प्रवक्ता फैजुल्ला फाराकले भने, 'पर्वतारोहीहरूलाई कठोर मौसम र सम्भावित जोखिमबारे पूर्णजानकारी हुन्छ । त्यसका बाबजुद, उनीहरूले स्वेच्छाले यी चुनौती स्वीकार गरेर विश्वका अग्ला शिखरहरूमा हात हाल्छन् ।'

गत मंगलबार ३७ वर्षीया चिनियाँ पर्वतारोही गुआन जिङ विश्वको दोस्रो अग्लो शिखर के-२ मा चट्टान खस्दा ज्यान गुमाएकी थिइन् । उनको शव शनिबार उद्धार टोलीले बरामद गरेको र हाल स्कार्दूको कम्बाइण्ड मिलिटरी अस्पतालमा राखिएको अधिकारीहरूले बताएका छन् । यसअघि जर्मन पर्वतारोही तथा ओलम्पिक विजेता लौरा डाहलमेयरको पनि काराकोरम शृंखलामा मृत्यु भएको थियो ।

फाराकले पाकिस्तान सरकारले पर्वतारोहण अभियानका लागि आवश्यक पूर्वाधार, उद्धार सुविधा, सुरक्षा र सहज वातावरण उपलब्ध गराउने प्रयास गरिरहेको बताए । 'यी अभियानहरू स्थानीय अर्थतन्त्रको मेरुदण्ड हुन्, जसले प्रत्यक्षरूपमा लाखौं डलरको आम्दानी ल्याउँछ । हजारौं स्थानीयले मेदेखि सेप्टेम्बरसम्म यिनै अभियानबाट आम्दानी गर्छन्,' उनले भने ।

हरेक वर्ष सयौं पर्वतारोहीले उत्तरी पाकिस्तानका शिखरहरूमा आरोहण गर्ने प्रयास गर्छन् । तर हिमस्खलन, आकस्मिक मौसम र भूस्खलनका कारण दुर्घटनाहरू सामान्य रूपमा हुने गरेका छन् । यस वर्ष मनसुन असामान्य रूपमा बढी भएकाले आकस्मिक बाढी र पहिरोले चुनौती थपेको छ । *रासस⁄एपी*

पाकिस्तानमा बाढी

# ३४४ जनाको मृत्यु, १५० भन्दा बढी बेपत्ता

**बाबर (पाकिस्तान)–** उत्तरपश्चिम पाकिस्तानमा आएको विनासकारी बाढीमा ३४४ जनाको ज्यान गएको छ भने १५० जनाभन्दा बढी बेपत्ता भएको प्रान्तीय विपद् व्यवस्थापन एजेन्सीका प्रमुख असफान्डियार खट्टकले आइतबार बताएका छन् ।

हजारौं उद्धारकर्मी वर्षा र माटोको भारी चपेटाबीच बाँचेका मानिसहरूलाई खोज्दै, भग्नावशेषमुनि दबिएका घरहरू उत्खनन गरिरहेका छन् । 'बुनेर जिल्लामामात्रै करिब १५० जना अझै बेपत्ता छन् । उनीहरू भग्नावशेषमुनि फसेका वा बाढीले बगाएको हुन सक्छ,' खट्टकले भने । उनका अनुसार साङ्ला जिल्लामा पनि दर्जनौं मानिस बेपत्ता छन् ।



सबैभन्दा बढी क्षति बुनेरमै भएको छ । त्यहाँ २०८ जनाको मृत्यु भएको र करिब १०-१२ गाउँ आंशिकरूपमा पुरिएको प्रान्तीय उद्धार प्रवक्ताले बताए । 'भग्नावशेषमुनि फसेकाहरूको उद्धार कार्य जारी छ,' उद्धार एजेन्सीका प्रवक्ता बिलाल अहमद फैजीले भने । उनका अनुसार करिब दुई हजार उद्धारकर्मी नौ जिल्लामा राहत कार्यमा खटिएका छन् ।

खैबर पख्तुनख्वा प्रान्तको पहाडी जिल्ला बुनेरमा शुक्रबार आरी घोप्टे मनसुनी वर्षा भएपछि आकस्मिक बाढी र पहिरो आएको थियो । आपत्कालीन सेवाका प्रवक्ता मोहम्मद सोहेलका अनुसार क्षतिग्रस्त सडकहरूमध्ये आधाभन्दा बढी खोलिएपछि दुर्गम गाउँसम्म सवारीसाधन र भारी मेसिनरी पुग्न थालेका छन् । प्रहरी र उद्धारकर्मीहरू ढुंगा-माटो पन्छाउँदै ध्वस्त घरका भग्नावशेषमा बेपत्ता व्यक्तिहरूको खोजी गरिरहेका छन् ।

सबैभन्दा ठूलो दुर्घटना कादर नगरगाउँमा भएको छ । त्यहाँ विवाहको पूर्वसन्ध्यामा बाढीको पानी घरमा पस्दा एउटै परिवारका २४ जनाको ज्यान गएको छ । परिवारका प्रमुख उमर खान भने घरबाहिर भएकाले बाँच्न सफल भए । उनका चार आफन्त अझै बेपत्ता छन् ।

प्रान्तीय मुख्यमन्त्री अली अमिन गन्धापुरले शनिबार बुनेर पुगेर मृतकका परिवारलाई २० लाख रूपैयाँ (करिब सात हजार २०० डलर) सहयोग दिने घोषणा गरे । उनले पाल, खाना र सफा पिउने पानीको व्यवस्था गरी पानीजन्य रोग फैलिन नदिन पहल भइरहेको पनि बताए ।

प्रधानमन्त्री शाहबाज सरिफले राहत कार्य प्रत्यक्ष निगरानी गरिरहेको र तत्काल सहायताको वितरण, फसेकाहरूको उद्धार तथा बेपत्ता व्यक्तिहरूको खोजीलाई तीव्र बनाउन निर्देशन दिएको सरकारी विज्ञप्तिमा उल्लेख छ । विपद् व्यवस्थापन प्राधिकरणले अगस्ट १७ देखि १९ सम्म थप बाढी र पहिरोको चेतावनी दिँदै स्थानीय प्रशासनलाई सतर्क रहन आग्रह गरेको छ । यस वर्ष जुन २६ देखि सुरु भएको मनसुनमा हालसम्म ६०० भन्दा बढीको ज्यान गइसकेको छ ।

सन् २०२२ मा पाकिस्तानमा आएको कीर्तिमानी मनसुनी वर्षाले करिब एक हजार ७०० जनाको ज्यान लिएको थियो र लाखौं घर ध्वस्त पारेको थियो । हरेक वर्ष जुनदेखि सेप्टेम्बरसम्मको मनसुनमा विशेष गरी उत्तरपश्चिमी पहाडी क्षेत्रका गाउँहरू आकस्मिक बाढी र पहिरोको जोखिममा पर्छन् । विशेषज्ञहरूका अनुसार जलवायु परिवर्तनका कारण दक्षिण एसियामा यस्ता चरम मौसमी घटनाहरू अझै धेरै र गम्भीर बन्दै गएका छन् ।

यसैबीच, भारत प्रशासित काश्मीरमा पनि भारी वर्षापछि आकस्मिक बाढी आएको छ । कठुआ जिल्लामा कम्तीमा सात जनाको मृत्यु र पाँच जना घाइते भएका छन् । किश्तवार जिल्लाको दुर्गम चोसिती गाउँमा तीन दिनअघि आएको बाढीपछि उद्धार टोलीले अझै खोजी कार्य जारी राखेको छ । यस घटनामा ६० जनाको मृत्यु र १५० भन्दा बढी घाइते भएका छन् । घाइतेमध्ये करिब ५० जनाको अवस्था गम्भीर छ ।

बाढी वार्षिक हिन्दू तीर्थयात्रा भइरहेका बेला आएको थियो । अधिकारीहरूले ३०० भन्दा बढीलाई उद्धार गरेका छन् भने करिब चार हजार तीर्थयात्रीलाई सुरक्षित स्थानमा सारिएको छ । *रासस⁄एपी*

# जेलेन्स्कीले आज ट्रम्पलाई भेट्ने

**किएभ–** युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले अलास्कामा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उनका रूसी समकक्षी भ्लादिमिर पुटिनबीच भएको 'ऐतिहासिक' वार्ताको दुई दिनपछि सोमबार वासिङ्टनमा ट्रम्पसँग भेट गर्ने घोषणा गरेका छन् ।

शनिबार सामाजिक सञ्जाल एक्समा लेख्दै उनले आफू र राष्ट्रपति ट्रम्पबीच डेढ घण्टा लामो र अर्थपूर्ण वार्ता भएको बताए । प्रारम्भमा दुई नेताबीच मात्र कुरा भएको भए पनि पछि युरोपेली नेताहरूलाई समेत छलफलमा सामेल गरिएको उनले बताए ।

जेलेन्स्कीले युद्ध अन्त्यका लागि वासिङ्टनको भूमिकालाई निर्णायक हुने उल्लेख गर्दै भने 'युक्रेन शान्ति ल्याउन अधिकतम प्रयास गर्न तयार छ । राष्ट्रपति ट्रम्पले



पुटिनसँगको भेट र छलफलका मुख्य बुँदाबारे मलाई जानकारी गराउनुभयो । अमेरिकाको सहभागिता स्थिति परिवर्तनमा महत्त्वपूर्ण हुने छ ।'

ट्रम्पले प्रस्ताव गरेको युक्रेन-अमेरिका-रुस त्रिपक्षीय बैठकलाई स्वागत गर्दै उनले यस्तो ढाँचा शान्तिका लागि उपयोगी हुने विश्वास व्यक्त गरे । 'सोमबार म वासिङ्टनमा राष्ट्रपति ट्रम्पसँग प्रत्यक्ष भेट्ने छु । हत्या र युद्ध अन्त्यका सम्भावनाबारे विस्तृत छलफल गर्नेछौं । निमन्त्रणाका लागि म आभारी छु,' जेलेन्स्कीले लेखे ।

युरोपेली संलग्नता र भरपर्दो सुरक्षा ग्यारेन्टी आवश्यक भएको उल्लेख गर्दै उनले भने, 'युक्रेनले समाधानका लागि आफ्नो प्रयासमा कुनै कसर बाँकी राख्ने छैन । हामीले सबै साझेदारहरूसँग निरन्तर समन्वय गरिरहेका छौं ।' यसअघि, ट्रम्पले सोमबार वासिङ्टनमा जेलेन्स्कीसँग भेट हुने र परिस्थिति अनुकूल भएमा पुटिनसँगको बैठक पनि सम्भव हुने बताएका थिए । उनले लेखेका छन्, 'यो भेटवार्ताले लाखौं मानिसको जीवन बचाउन सक्छ ।'

यसबाहेक, गत शुक्रबार अमेरिका र रुसबीच युक्रेन युद्धविरामबारे अलास्कामा बहुप्रतीक्षित वार्ता भएको थियो । रुसका वरिष्ठ अधिकारी किरिल दिमित्रिभले अमेरिकाले दिएको 'उत्कृष्ट स्वागत' को प्रशंसा गर्दै, कठिनाइबीच पनि दुवै देशबीच सम्बन्ध निर्माण जारी रहने बताएका थिए । *रासस⁄एएनआई*

# एकता 'रगतले होइन, समझदारीले' हुनुपर्छ : सिरियाली राष्ट्रपति

**दमास्कस–** सिरियाका राष्ट्रपति अहमद अल-साराले देश एकीकरणको प्रक्रिया युद्ध र हिंसाबाट नभई समझदारीमार्फत अघि बढ्नुपर्ने बताएका छन् । उनले कुनै पनि विभाजनलाई अस्वीकार गर्दै दक्षिणमा इजरायलको प्रत्यक्ष हस्तक्षेप भएको आरोप पनि लगाए ।

राज्य टेलिभिजनले आइतबार प्रसारित गरेको कार्यक्रममा साराले भने, 'सिरियालाई एकताबद्ध गर्ने अर्को लडाइँ हाम्रो अगाडि छ, तर यो रगत र सैन्य बलले होइन, समझदारीमार्फत हुनुपर्छ । देश युद्धबाट थकित भइसकेको छ ।'

स्वेदा प्रान्तमा हालै भएको प्रदर्शन र हिंसात्मक झडपलाई उल्लेख गर्दै उनले सबै पक्षबाट



उल्लंघन भएको स्वीकार गरे । 'सुरक्षा बलका केही सदस्यलेसमेत गल्ती गरेका छन् । जे जसको संलग्नता भए पनि जिम्मेवारलाई जवाफदेही बनाउनै पर्छ,' उनले जोड दिए । उनका अनुसार, 'केही शक्तिहरू, विशेषगरी इजरायल, दक्षिणमा हस्तक्षेप गर्दै राज्यलाई कमजोर पार्ने प्रयास गरिरहेका छन् । तर सिरियालाई विभाजन गर्ने वा तोड्ने योजना असम्भव छ ।'

स्वेदामा भएको विरोधमा केही प्रदर्शनकारीहरूले इजरायली झण्डा फहराउँदै आत्मनिर्णयको माग गरेका थिए । ड्रुज र सुन्नी बेदुइनबीचको झडप सरकारी सेनाको हस्तक्षेपपछि चर्किएको थियो । मानवअधिकार संस्थाहरूले सेनालाई ड्रुज समुदायविरुद्ध पक्षपाती भएको आरोप लगाएका छन् ।

यसैबीच, सिरियाली सरकार उत्तरी भागमा रहेका अर्धस्वायत्त कुर्दिश प्रशासनसँग पनि वार्तामा छ । तर विकेन्द्रीकरणबारे मतभेदका कारण मार्च १० मा भएको सम्झौताको कार्यान्वयन रोकिएको छ ।

'हामी अहिले सम्झौता कार्यान्वयनका संयन्त्रबारे छलफल गरिरहेका छौं,' राष्ट्रपति साराले भने । *रासस⁄एएफपी*

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९५५०० | प्रति तोला – ० | प्रति तोला – २३१० |

रोजगार वार्ता

# ‘धमिलो छवि भएको विभागले नयाँ रूप धारण गर्दै छ’



**कमलप्रसाद भट्टराई**
महानिर्देशक, वैदेशिक रोजगार विभाग

सधैं अस्तव्यस्त रहने वैदेशिक रोजगार विभागमा पछिल्लो समय सुधार देखिन थालेको छ । विभागको महानिर्देशकमा **कमलप्रसाद भट्टराई**को आगमनसँगै सुधार देखिन थालेको हो । भट्टराईले २२ वैशाखमा महानिर्देशकको कार्यभार सम्हालेका हुन् । उनले आउनेबित्तिकै हप्तौं कुर्नुपर्ने श्रम स्वीकृतिलाई दुई मिनेटमै गर्ने व्यवस्था कार्यान्वयनमा ल्याए । त्यसपछि विभागमा हुने भीडभाड हटेको छ । विभागको अन्य सेवामा पनि विस्तारै सुधार हुन थालेको सेवाग्राहीले बताउने गरेका छन् । खराब छवि बनिसकेको विभागमा चुनौती लिएर नै आफू आएको उनी बताउँछन् । उनको अठोट छ, विभागको छविमा सुधार ल्याउने । सोही अठोटका साथ काम गरिरहेका महानिर्देशक भट्टराईसँग *प्रभाव* संवाददाता *ममता थापा*ले गरेको कुराकानीः

**वैदेशिक रोजगार विभागको महानिर्देशकको जिम्मेवारी सम्हाल्नुभएको केही महिनामात्रै भयो, यहाँ आएपछि विभागको अवस्था कस्तो पाउनुभयो ?**

यहाँको जिम्मेवारीलाई मैले चुनौतीको रूपमा लिएको छु । आउनुअघि निकै सोचेँ, किनकि विभागको छवि बाहिर त्यति राम्रो थिएन । तर, म अहिलेसम्म जहाँ गएँ, त्यहाँ केही न केही ‘रिफर्म’ गरेको छु । समस्या भएको ठाउँको सुधार हामीले नगरे कसले गर्छ भनेर हिम्मत गरेरै आएको हुँ ।

यहाँ आउँदा सोल्टीमोडदेखि नै माछा बजारजस्तो ‘श्रम गर्ने हो ?’ भन्दै तानातान गरेको देखियो । विभागको कम्पाउण्डभित्र बिचौलियादेखि सेवाग्राहीको उत्तिकै भीडभाड । राहत शाखा, मुद्दा शाखामा झै-झगडा, कुटाकुट ! यस्तो समस्या छ भन्ने थाहा हुँदाहुँदै पनि चुनौती लिएर आएको हुँ । अहिले त्यो अवस्था हटिसकेको छ । धमिलो छवि भएको विभाग सङ्लीसकेको जस्तो लाग्छ । अबको डेढ-दुई महिनाभित्र यसले नयाँ रूप धारण गर्छ ।

**विभाग आएपछि सुधारका काम के–के गर्नुभयो ?**

श्रम स्वीकृतिका लागि विगत १० वर्षदेखि अनलाइन एप्लिकेसन सुरु गरे पनि कम्तीमा पनि दुई हप्ताभन्दा बढी लाग्ने अवस्था थियो । गरिबको छोराछोरी विदेश जान काठमाडौं आएर बस्नुपर्छ । यातायातमा ओहोरदोहोर गर्नुपर्छ, काम नभए बिचौलियाकहाँ पुग्नुपर्छ । यसले उसको बसाइँ महँगिदै जान्छ । तुरुन्तै सुधार गर्नुपर्‍यो भनेर कानुनमा हेर्दा तीन दिनभित्र दिनुपर्छ भनेको रहेछ । त्यसपछि कति जना कर्मचारी छन्, एक जनाको प्रोसेसिङ गर्न कति समय लाग्छ, र दिनमा कति जनाको प्रोसेसिङ गर्दा पर्खाइमा रहेका कोटालाई क्लियर गर्न सकिन्छ भनेर हिसाब गरेँ । त्यसरी हेर्दा जुन दिन आवेदन दियो, सोही दिन स्वीकृत गर्न सम्भव देखेँ । म आएको सात दिनभित्रै आवेदन लिएकै दिनमा श्रम स्वीकृति दिने निर्णय गरेँ । अहिले एउटा श्रम स्वीकृति दिन दुई मिनेट पनि लाग्दैन ।

अर्को, संस्था नवीकरण गर्न आउँदा फाइल बोकेर मान्छे आफैं आउनुपर्ने अनि करिब १० दिन लाग्दो रहेछ । त्यसलाई पनि वैदेशिक रोजगार व्यवस्थापन सूचना प्रणाली (फेमिस)को सिस्टमबाटै नवीकरण गर्ने व्यवस्था रहेछ । सबैलाई पत्राचार गरेर डकुमेन्ट र निवेदन अपलोड गर्नू भनेर सूचित गरायौं । अहिले नवीकरण आजको आजै हुन्छ । क्यासलेस, फेसलेस र पेपरलेस सेवा कार्यान्वयनमा ल्याएका छौं ।

तेस्रो, थुनुवा बोकेर लैजाने गाडी थिएन । भएका साना तीन-चार वटा गाडी पाँच जना जतिमात्रै बोक्ने थिए तर मान्छेहरू २५-३० जनासमेत बोक्नुपर्ने । एउटा ठूलो गाडी किन्न हामीसँग बजेट थिएन । मैले भन्सारसँग समन्वय गरेर रसुवामा जफत भएको ३० जना बोक्न मिल्ने गाडी ल्याएँ । अहिले त्यही गाडी प्रयोग गरिरहेका छौं ।

त्यसैगरी विभागको वातावरण कर्मचारीमैत्री र सेवाग्राहीमैत्री बनाइएको छ । मुद्दा शाखा पनि यत्रतत्र छरिएर रहेको थियो । त्यसका लागि अलग्गै ‘सी ब्लक’ बनायौं । अहिले सबै कामका लागि टोकन प्रणाली लागू गरेका छौं ।

**विभागका कर्मचारीको काम गर्ने प्रवृत्तिमा धेरै गुनासो आउने गरेको छ, यसमा सुधार गर्न के गर्दै हुनुहुन्छ ?**

योभन्दा अगाडि सिस्टम जाम भएर हयाङ हुँदो रहेछ अनि सिस्टम चलेन, राति चाप कम हुन्छ अनि काम गर्ने भन्दा रहेछन् । अहिले उही दिनमा, कार्यालय समयमै काम हुन्छ । कर्मचारीहरूलाई पहिले कुन बेला अख्तियार आउँछ कि, सिआइबी पो आउँछ कि भन्ने डर थियो । त्यस्तो प्रवृत्ति अहिले हटिसकेको छ । पारदर्शी काम गरेपछि कोही आउँदैन भनेर ढुक्कसँग काम गर्ने वातावरण बनेको छ । अनुगमन गर्दा बोली वचन अत्यन्त नरम, शिष्ट भाषामा अनुगमन गर्ने तर कानुनचाहिँ कडाइका साथ पालना गर्ने भनेर कर्मचारीहरूलाई अभिमुखीकरण गराएको छु ।

**विभागबाट अनुगमनमा जाँदा अनावश्यक दुःख दिने गुनसो व्यवसायीहरूबाट व्यापक आउने गरेको छ नि ?**

त्यसमा सत्यता छैनन् । अनुगमनमा गएन भने कुरो मिलेको हुनाले अनुगमनमा गएन भन्ने अनि अनुगमनमा जाँदा दुःख दियो भन्छन् । दराज खोल्यो, रजिस्टर खोल्यो, विभिन्न प्रश्न सोध्यो भनेर उहाँहरू गुनासो गर्नुहुन्छ । अनुगमनमा फूलपाती, धूप लिएर पूजा गर्ने हो र ? अनुगमन गर्दा तीन पेजको चेक लिस्ट बनाएका छौं । त्यत्तिकै गएका छैनौं । तपाईंहरूको संस्थामा यो-यो कुरा हेर्छौं । अपडेट भएर बस्नुपर्छ । जुनसुकै बेला आउन सक्छौं भनेर संघको मान्छे बोलाएर छलफल गर्‍यौं, वेबसाइटमा राख्यौं । यसमा कमी कमजोरी भयो भने कानुनबमोजिम कारबाही हुन्छ भनेर सचेत गराएका छौं । जानकारी गराउँदा पनि आफ्नो तयारीको काम नगरी बस्ने अनि विभागले दुःख दियो भन्ने ?

**त्यसोभए व्यवसायीहरूको चाहना अनुगमन नहोस् भन्ने नै देखिन्छ हो ?**

क्षणिक स्वार्थका लागि हामीचाहिँ बद्मासी गरिरहन पाउँ भन्ने हुनसक्छ । तर, नेपाल सरकारले तोकेको ऐन, नियम, कानुनअनुसार दर्ता भएर व्यापार व्यवसाय गर्ने भएपछि तोकिएको कानुन तथा मापदण्ड प्रयोग गर्नुपर्छ । बेलाबेलामा अनुगमन, छड्के हुनसक्छ । ऐन, नियमबमोजिम अपडेट भएर बस्नुपर्छ भनेर व्यवसायी आफैंले बुझ्नुपर्छ ।

**विभागले म्यानपावर कम्पनीको कार्यसम्पादनको पनि छुट्टै अध्ययन गरिरहेको भन्ने छ, के को लागि र कसरी हुँदै छ ?**

हो, अध्ययन गरिरहेका छौं । सायद अब हामी चाँडै नै सार्वजनिक गर्छौं । एक वर्षभरिको तथ्यांक निकालेर सार्वजनिक गरौं भनेर लागिपरेका थियौं ।

> ‘
> - म अहिलेसम्म जहाँ गएँ, त्यहाँ केही न केही ‘रिफर्म’ गरेको छु । समस्या भएको ठाउँको सुधार हामीले नगरे कसले गर्छ भनेर हिम्मत गरेरै आएको हुँ ।
> - म आएको सात दिनभित्रै आवेदन लिएकै दिनमा श्रम स्वीकृति दिने निर्णय गरेँ । अहिले एउटा श्रम स्वीकृति दिन दुई मिनेट पनि लाग्दैन ।
> - विभागको वातावरण कर्मचारीमैत्री र सेवाग्राहीमैत्री बनाइएको छ । मुद्दा शाखा पनि यत्रतत्र छरिएर रहेको थियो । त्यसका लागि अलग्गै ‘सी ब्लक’ बनायौं । अहिले सबै कामका लागि टोकन प्रणाली लागू गरेका छौं ।
> - सरकारको नियन्त्रणबाहिर कुनै पनि कुरा हुँदैन । विशेषगरी युरोपेली मुलुक जाने क्रममा ठग्ने, ठगिने बढेको हो । यसलाई लिएर सचेतना जगाउने काम गरिरहेका छौं ।

तर म आउनुभन्दा अघि छ-सात महिना म्यानुअल्ली काम भएको रहेछ । त्यस्ता फाइलहरू हेरेर के विषयमा कस्तो उजुरी आएको थियो भन्ने संकलन गर्ने काम हुँदै छ । कामको चापका कारण सबै तयारी गर्न भ्याइनसके पनि अब त्यो कम्पाइल गरिसकेपछि सार्वजनिक गर्छौं ।

यद्यपि, व्यापार व्यवसायको हकमा फलानो म्यानपावरले यस्तो गल्ती गरेको रहेछ भनेर सार्वजनिक गर्ने विषय अनुसन्धानको दायराभित्र पर्ने भएकाले संस्थाको नाम नै सार्वजनिक गर्न भने मिल्दैन । सबैभन्दा बढी गल्ती गर्ने, औसत गल्ती गर्ने र न्यून गल्ती गर्ने म्यानपावरको संख्या निकालेर सार्वजनिक गर्छौं ।

**विभागमा व्यवसायीको पहुँच हुँदा पीडितले राहत, क्षतिपूर्ति पाउनै कठिन हुन्छ भनिन्छ, किन यस्तो हुन्छ ?**

यो गलत हो । पछिल्लो अवस्थामा हरेक क्रियाकलाप प्रभावकारी, पारदर्शी रूपले जनता केन्द्रित भएर अघि बढेको छ । उजुरी आएको हकमा म्यानपावर व्यवसायीलाई काउन्सेलिङ गरेर क्षतिपूर्ति दिलाउने काम गरिरहेका छौं ।

**मुद्दा फाँटको अस्तव्यस्तता अझै उस्तै देखिन्छ, कहिले हुन्छ यसको सुधार ?**

अव्यवस्थित रूपमा रहेका फाइलहरूलाई राम्रो लाइब्रेरीजस्तो अवस्थामा ल्यायौं । जनशक्तिको अनुपातमा मुद्दाको संख्या विगत लामो समयदेखिको ठूलो संख्यामा भएकाले अझै पनि व्यवस्थित बनाउन सकिरहेका छैनौं । हामी ‘पोलिसी ट्रान्सफर्म’को प्रक्रियामा छौं । त्यसपछि यहाँ भएका सीमित जनाशक्तिले ती मुद्दालाई राम्रो व्यवस्थापन गर्नसक्छ, डिजिटल्ली म्यानेज गर्नसक्छ । अब आगामी दिनमा हामी ‘ब्युरोक्रेटिक हर्डल’बाट होइन, ‘डिजिटोक्रेटिक सिस्टम’बाट ह्याण्डल गर्ने अवस्थामा छौं ।

**पछिल्लो समय व्यक्तिगत ठगीको ग्राफ बढ्दो छ । यसको नियन्त्रण सरकारको हातबाहिरको कुरा हो ?**

सरकारको नियन्त्रणबाहिर कुनै पनि कुरा हुँदैन । विशेषगरी युरोपेली मुलुक जाने क्रममा ठग्ने, ठगिने बढेको हो । यसलाई लिएर सचेतना जगाउने काम गरिरहेका छौं । पछिल्लो अवस्थामा नेपाल सरकारको सबैभन्दा ठूलो एप भनेको नागरिक एप हो, श्रम मन्त्रालयले तर्जुमा गरेको सबैभन्दा ठूलो एप श्रम संसार हो । र, हामीले चलाउँदै गरेको सिस्टम फेमिस सिस्टम हो । विदेशबाट आएको जुनसुकै रोजगारीको सूचना फेमिस सिस्टममा आउँछ । यो सिस्टम श्रम संसार र एनआइडी दुवैतिर इन्टिग्रेट भएको छ । यसमा आएको विज्ञापनमा मात्र भर पर्नुहोला । ‘क्रस भेरिफाइ’ गर्न मन लाग्यो भने विभागको वेबसाइट, मन्त्रालयको वेबसाइट हेर्नुहोला । भिसा, टिकट सबै कन्फर्म भएपछि मात्र पैसा बुझाउने काम गर्नुहोला ।

**व्यक्तिगत ठगीका घटना सन्बन्धित जिल्लाबाटै हेर्ने व्यवस्था मिलाउने भन्नुभएको थियो, कहिलेबाट सुरु हुन्छ ?**

यसको नीतिगत सम्बोधनका लागि लागिसकेका छौं । दूरदराजको मान्छेको उजुरी गर्ने ठाउँ विभागमात्र भयो भने आउन र उजुरी हाल्न लाग्ने समय, पैसा सबै खर्च गर्दा अन्तिममा आफ्नै पक्षमा न्याय पाउला तर उसले वास्तविक न्याय पायो त ? ऐन संशोधनको काम अगाडि बढेको छ । हामीले यहाँबाट लेखेर पठाएका छौं । मन्त्रालय पनि ‘कन्भिन्स’ भइसकेको छ । केही दिनभित्र विधेयकको रूपमा संशोधन गरेर जान्छ । संसद्मा गएपछि बढीमा तीन महिनाभित्र यसले निकास पाउला भन्ने लाग्छ । त्यसपछि यस्ता ठगी हेर्ने जिम्मा सम्बन्धित जिल्लाका प्रहरीले अनुसन्धान गर्ने, जिल्लाका सरकारी वकिल कार्यालयले अभियोजन गर्ने र सम्बन्धित अदालतले न्याय सम्पादन गर्छन् । अदालत जाँदा पीडितले थप खर्च गर्नुपर्दैन ।

## चीनसँग जोड्ने नाका सञ्चालनमा प्रयास जारी

**काठमाडौं** (**प्रस**)– भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले रसुवागढी सडक चाँडो मर्मत र केरुङ नाका सञ्चालन गरी व्यापारमा सहजीकरण गर्ने बताएका छन् । प्रतिनिधिसभाको पूर्वाधार विकास समितिले आइतबार यहाँ आयोजना गरेको छलफलमा उनले बर्सात्का समयमा अन्तरदेशीय कोदारी राजमार्ग, रसुवागढीलगायत अन्य सडकको अवस्था र चाडपर्वको पूर्वसन्ध्यामा सडक यातायात र सडक पूर्वाधारको अवस्थाबारे चर्चा गर्दै जतिसक्दो छिटो सडक मर्मतको काम गरिने बताएका हुन् ।

यही असार २४ गते बिहान हिमताल विष्फोटका कारण रसुवास्थित नेपाल-चीन सीमामा रहेको ल्हेन्दे खोलामा बाढी आएपछि पुल बग्दा केरुङ नाका अवरुद्ध भएको छ । ‘पुलसँगै रसुवागढी सडक निर्माणको काम पनि सम्पन्न गर्नुपर्छ । पुल बनेर बाटो बनेन भने नाकामा रोकिएका सामानहरू नेपाल ल्याउन सकिँदैन,’ मन्त्री दाहालले भने, ‘बाढीका कारण रोकिएका सामानलाई कसरी नेपाल ल्याउने भनेर पनि हामीले प्रयास गरेका छौं ।’

उनले उत्तर-दक्षिण राजमार्ग निर्माणको काम पनि चाँडो सम्पन्न गरिने बताए । मन्त्री दाहालले वातावरणमैत्री सडक निर्माण गरिने र नयाँ सडक निर्माणको क्रममा सडक सुरक्षाको नीति लागू गरिने प्रतिबद्धता व्यक्त गरे । ‘बाढी, पहिरोजस्ता विपद्का समय र छिटो-छरितो यात्राका लागि सुरुङमार्ग उत्तम विकल्प हो, तर बजेट अभावका कारण यस्ता योजना कार्यान्वयनमा चुनौती छ,’ उनले भने ।

समितिका सभापति दीपकबहादुर सिंहले दसैं-तिहारजस्ता चाडपर्वलाई मध्यनजर गर्दै चीनसँग जोडिएका नाका चाँडो सञ्चालन गर्न आग्रह गरे । ‘चीनबाट लुगा-कपडा भित्रने भएकाले सस्तो पनि पर्छ । दसैं-तिहारलाई महँगो नबनाउन पनि रोकिएका सामान नेपाल ल्याउने व्यवस्था चाँडो गर्नुपर्छ,’ उनले भने । सांसद माधव सापकोटाले चाडपर्वको मुखमा चीनसँगै जोडिएका दुवै नाका बन्द रहेकाले बाटो नखोले चाडपर्व महँगो हुने बताए । सांसद प्रकाश ज्वालाले सडकको पहिरो छिटो व्यवस्थापन गरेर सञ्चालन ल्याउन आग्रह गरे ।

## निजीसँग सम्बन्धित बजेटका बुँदाको कार्यान्वयन कमजोर

**काठमाडौं** (**प्रस**)– गत आर्थिक वर्ष २०८१/८२ को बजेटमा राखिएका निजी क्षेत्रसँग सम्बन्धित योजना तथा कार्यक्रमहरूको कार्यान्वयन अवस्था कमजोर देखिएको छ ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)सँगको बौद्धिक साझेदारीमा नेपाल उद्योग परिसंघ (सिएनआई)ले आइतबार सार्वजनिक गरेको ‘बजेट वाच’ अध्ययन प्रतिवेदनअनुसार गत आर्थिक वर्षको बजेटमा राखिएका निजी क्षेत्रसँग सम्बन्धित ६३ बुँदामध्ये एक चौथाइ अर्थात् २५ प्रतिशत हाराहारीमात्रै पूर्णरूपमा कार्यान्वयन भएको देखिएको हो । अध्ययनअनुसार ६३ बुँदामध्ये १६ बुँदामात्र पूर्णकार्यान्वयनमा आएको पाइएको छ ।

त्यस्तै, ३० बुँदा अर्थात् ४७.६ प्रतिशत आंशिक कार्यान्वयन भएको र १७ वटा अर्थात् २७ प्रतिशत बुँदामा कुनै प्रगति नभएको ‘बजेट वाच’मा उल्लेख छ । कानुनी सुधारमा राम्रो काम भए पनि कार्यान्वयन पक्ष कमजोर रहेको, बजेटमा राखिएका अधिकांश कार्यक्रम कार्यान्वयनका लागि बैठक बस्ने तथा छलफल हुने गरेको भए पनि कार्यान्वयन कार्यविधि अभावमा ठोस प्रक्रिया अघि नबढेको, अघिल्लो सरकारले ल्याएका कार्यक्रमलाई वर्तमान सरकारले अपनत्व नलिएको जस्ता विषयहरू बजेट वाचले सार्वजनिक गरेको छ ।

कार्यक्रममा मुख्यसचिव एकनारायण अर्यालले आर्थिक सुधारका लागि सरकार एक्लैको प्रयासले मात्र सम्भव नहुने बताउँदै निजी क्षेत्रसँग आवश्यक सहकार्य र सहजीकरण गरिरहेको बताए । उनले सबै मन्त्रालय कानुन संशोधन र सुधारतर्फ प्रतिबद्ध रहेको जानकारी दिँदै स्वस्थ प्रतिस्पर्धाविना निजी क्षेत्र पनि टिक्न नसक्ने उल्लेख गरे । मुख्यसचिव अर्यालले उत्पादनका नाममा अरूको काम बन्द गर्ने प्रवृत्ति अनुचित भएको भन्दै निजी क्षेत्रमै अनैतिक व्यापार गर्ने संस्थाहरूलाई रोक्न आवश्यक रहेको धारणा राखे । ‘निजी क्षेत्रको समन्वयमा कानुन बन्ने हो, तर त्यसको कार्यान्वयन नगर्ने हो भने बद्नाम निजी क्षेत्र हुन्छ,’ मुख्यसचिव अर्यालले भने । उनले फाइल रोक्ने प्रचलन र शक्ति केन्द्र खोज्दै काम लम्ब्याउने प्रवृत्तिले प्रशासनिक इज्जतमा धक्का पुगेको टिप्पणीसमेत गरे ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ